# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक ३१८ बुधबार, ३० पुस २०८२ | SOURYA NATIONAL DAILY | Wednesday, 14 January 2026 पृष्ठ : ८+६ मूल्य रू. १०


# जुटभन्दा फुटको नजिक कांग्रेस

## ■ देउवासामु ३ विकल्प : विशेष पक्षको सर्त मान्ने, बढारिने कि फुटको अपजस बोक्ने !

■ **विक्रम रत्न**



काठमाडौँ । नेपाली कांग्रेस फुटको डिलमा पुगेको छ । भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने प्रक्रिया अघि बढाएसँगै कांग्रेसभित्रको लडाइँ वारपारको स्थितिमा पुगेको हो । विशेष महाधिवेशनको स्वामित्व लिन अझै तयार देखिएको छैन भने विशेष पक्षधरले ६३ प्रतिशतभन्दा बढी प्रतिनिधि सहभागी महाधिवेशनबाट हुने निर्णय नै अन्तिम हुने भन्दै निर्वाचन कार्यक्रम नै सुरु गरिसकेको छ । विशेष महाधिवेशनको स्वामित्व केन्द्रीय कार्यसमितिले लिएर अघि बढ्न संस्थापनलाई आग्रह गरिरहे पनि संस्थापनले सो कुरा अस्वीकार गर्दै आएको छ । वार्ता समिति नै बनाएर सहमति प्रयास गरिए पनि सभापति शेरबहादुर देउवाले राजनीतिक सक्रियता त्याग्न नचाहँदा पार्टी जुट्नेभन्दा फुट्ने दिशामा बढी नजिक देखिएको हो ।

यस्तो अवस्थामा सभापति देउवासामु ३ वटा विकल्प भएको राजनीतिक विश्लेषकहरू बताउँछन् । कि विशेष महाधिवेशन पक्षको सर्त मानेर पार्टीलाई एकढिक्का राख्ने वा महाधिवेशनले गरेको नेतृत्व चयन स्विकार्दै पार्टी सत्ताबाट च्यूत हुने विकल्प रहेको विश्लेषकहरूको बुझाइ छ । तेस्रो विकल्पमा पार्टी फुटेमा त्यसको अपजस देउवाकै  टाउकोमा जाने उनीहरूको तर्क छ । कानुन व्यवसायीहरूले पनि बहुमत प्रतिनिधि सहभागी अधिवेशनले गरेको निर्णयलाई निर्वाचन आयोग र अदालतले पनि मान्यता दिने बताइसकेका छन् । विशेष महाधिवेशनको पक्षमा बहुमत जुटिसकेको अवस्थामा पार्टी फुटे त्यसको अपजस अब देउवाको थाप्लोमा जाने भएकाले अन्तिमसम्ममा संस्थापनले विशेष महाधिवेशनको स्वामित्व लिँदै पार्टीलाई दुईचिरा हुनबाट जोगाउनेमा कांग्रेसपंक्ति अझै आशावादी देखिएको छ ।

### हटेन देउवाको महत्वाकांक्षा, अन्तरिम नेतृत्वमा अड्कियो कुरा

विशेष महाधिवेशनको अस्तित्वलाई पूर्णतः अस्वीकार गरेको कांग्रेस संस्थापन केही हदसम्म झुकेको छ । सभापति देउवा विशेष महाधिवेशनको स्वामित्व लिन तयार देखिए पनि आफूले नेतृत्व छाड्ने र अन्तरिम नेतृत्व चयन गर्ने विषयमा भने टसमस भएका छैनन् । तर विशेष पक्षधर कुनै पनि हालतमा नेतृत्व फेर्ने अडानमा छ । निर्वाचन कार्यक्रम सुरु भइसकेकाले महाधिवेशनबाट ब्याक हुन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालाई पनि सहज छैन । वार्तामा सहभागी नेताहरूका अनुसार देउवा अन्य सबै विषयमा लचिलो भए पनि सक्रिय राजनीतिबाट अलग हुने कुरा सुन्न पनि चाहेका छैनन् ।

व्यक्तित्व र प्रतिष्ठाको लडाइँ बनाएर देउवा पनि ब्याक नहुने र विशेष महाधिवेशन पक्षधरले पनि अडान नछाड्ने अवस्था आएपछि यसको समाधान सभापति देउवाले नै दिनुपर्ने देखिएको छ । यद्यपि मंगलबार रातभर वार्ता गरेर भए पनि सहमति जुटाउने नेताहरूको दाबी छ । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले पार्टीलाई विग्रहमा जान नदिन रातभर छलफल गरिने बताए । उनले सहमतिका लागि सभापति देउवा लचक भएको जिकिर गर्दै भने, 'विग्रहको बाटोमा जानुहुन्न । पार्टीलाई मजबुत गर्ने विषयलाई केन्द्रीय कार्यसमितिले समावेश गरेर जानुपर्छ । रातिसम्म पनि समझदारी बन्छ भने अन्यथा निर्णयमा किन जाने भन्नेमा सभापति लचक हुनुहुन्छ,' उनले भने । ▸▸▸ **बाँकी पृष्ठ ६**

### ■ बस्नै सकेन केन्द्रीय समिति बैठक

विशेष महाधिवशेन पक्षधरले नयाँ नेतृत्व चयन गर्ने गरी अघि बढेपछि संस्थापन पक्षले मंगलबार बिहान ११ बजेका लागि केन्द्रीय कार्यसमिति बैठक बोलाए पनि मंगलबार बैठक बस्नै सकेन । सहमतीको प्रयासमा वार्ता टोली र शीर्ष नेताहरू व्यस्त भएपछि दिउँसो १ बजेका लागि सारिएको बैठक पनि बस्न सकेन । विशेष महाधिवेशनको स्वामित्व लिने कि अस्वीकार गर्ने निर्णय दिनुपर्ने बाध्यतामा रहेको संस्थापन पक्षले बोलाएको बैठक दिनभर बस्न नसकेपछि साँझ साढे ७ बजे स्थगित गर्दै बुधबार बिहान बस्ने गरी बोलाइएको छ । सानेपामा साढे ७ बजे बसेको बैठकमा उपसभापति धनराज गुरुङले १ मिनेटभन्दा कम समय बोलेसँगै स्थगित गरिएको हो ।

**गगनले भने–**

### ■ महाधिवेशन हलबाहिर सहमति हुँदैन

वार्ता टोली बनाएर संस्थापन पक्षसँग सहमति प्रयास गरिरहेका महामन्त्री गगन थापाले विशेष महाधिवेशनको हलभन्दा बाहिर कुनै पनि सहमति नहुने स्पष्ट पारेका छन् । मंगलबारको बन्दसत्र समापन गर्दै उनले बाहिर कुनै सहमति भए पनि हलले अनुमोदन गरे मात्रै मान्य हुने बताएका हुन् । टिकट र भागबन्डाका लागि बाहिर छलफल नभएको भन्दै नीति र नेतृत्व परिवर्तनकै लागि भएको उनले बताए । 'बाहिरको छलफलका अनेक कुरा आइरहेका छन् । छलफलको कुरा हलभन्दा बाहिर गएर टुंगिँदैन । हलले अनुमोदन गरेको कुरा मान्ने हो । हामीलाई टिकट र भागबन्डाको कुरा गरेर अपमानित गरिएको छ । विश्वप्रकाश र गगनलाई सभापति चाहिएको छैन,' उनले भने, 'जो भए पनि हुन्छ, तर नीति र नेतृत्व फेरौँ भनिरहेका हौँ ।'

महामन्त्री थापाले प्रक्रिया अगाडि बढिसकेको भन्दै यसलाई नजरअन्दाज गर्न नमिल्ने बताए । नयाँ नेतृत्व चयन भएर नियमित महाधिवेशनसम्म चलाउने उनको भनाइ छ । 'अब प्रक्रिया अघि बढिसकेको छ । कसैले यसलाई दखल अन्दाज गर्न मिल्दैन । हामीले छोटो समयका लागि यो नेतृत्व हाँक्ने हो । यसपछि नियमित महाधिवेशन गर्ने हो,' थापाले भने । उनले विशेष महाधिवेशन कुनै नियमित कार्यक्रम नभई विद्रोह भएको बताए । यो एउटा नियमित कार्यक्रम होइन । हामी एउटा विद्रोहमा सहभागी भएका छौँ । यो विद्रोह हो । प्रश्न गर्नु भनेको आफैँमा पनि एउटा विद्रोह हो । कहिलेकाहीँ मौनता साँध्नु भनेको मृत्युलाई अँगाल्नु जस्तै हो,' उनले भने ।

### ■ महामन्त्रीद्वयको प्रतिवेदन सर्वसम्मत पारित




विशेष महाधिवेशनले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले प्रस्तुत गरेका प्रतिवेदनहरू सर्वसम्मत पारित गरेको छ । सोमबारको बन्दसत्रमा थापाले समसामयिक राजनीतिक प्रस्ताव र शर्माले सांगठानिक प्रस्ताव पेस गरेका थिए । महामन्त्री थापाले प्रतिवेदनमार्फत् कांग्रेस डिजिटल र सामाजिक सञ्जालमा कमजोर हुँदा लोकरिझ्याइँवादी राजनीति हाबी भएको टिप्पणी गरेका थिए । युवा र मध्यमवर्गको अपेक्षाअनुसार अभियान र नीति निर्माणमा ढिलाइ हुँदा कांग्रेसप्रति युवा आकर्षण टिकाइराख्न नसकेको उनको स्वीकारोक्ति छ । यस्तै, अर्का महामन्त्री शर्माले राजनीतिक र सांगठनिक विषयमा पार्टीका त्रुटि सच्याउन १८ बुँदे संकल्प प्रस्ताव पेस गरेका थिए । उनले प्रस्तुत गरेको प्रधानमन्त्रीको कार्यकाल, गैरआवासीय नेपाली नागरिकका मुद्दा, राजनीतिक नियुक्ति, पार्टीबाट उम्मेदवार चयनलगायत विषयमा १८ बुँदे संकल्प पारित भएको हो ।

### ■ के छन् पारित प्रतिवेदनका प्रावधान ?

- खुला सदस्यतामा आधारित एकै प्रकारको क्रियाशील सदस्यता प्रणाली
- बौद्धिक र व्यावसायिक क्षेत्रमा योगदान दिएकालाई पार्टी संरचना र निर्वाचनमा कम्तीमा १० प्रतिशत उम्मेदवार बनाउने गरी छड्के प्रवेशको व्यवस्था
- जुन तहको नेतृत्व चयन गर्ने हो, सोही तहको क्रियाशील सदस्यहरूको प्रत्यक्ष निर्वाचनबाट चयनको व्यवस्था
- पदाधिकारीसहित सबैले तल्लो तहबाटै महाधिवेशन प्रतिनिधि निर्वाचित भएर आउनुपर्ने
- प्रत्येक तहको कार्यसमितिमा एक तिहाइ महिला, १/१ जना दलित र युवा अनिवार्य, अन्य क्लस्टरबाट समावेशी प्रतिनिधित्व सुनिश्चित
- आमनिर्वाचनको उम्मेदवार छनोटका लागि प्राइमरी इलेक्सन प्रणाली
- एक व्यक्ति  एक पटक मात्र समानुपातिक सांसद
- १ पटक राष्ट्रपति, २ पटक प्रधानमन्त्री, ३ पटक मन्त्री र ४ पटक मात्रै सांसद हुन पाउने
- पार्टीका प्रत्येक कार्यसमितिमा ३० वर्षमुनिबाट १५ प्रतिशत, ३०-४० वर्ष उमेर समूहबाट १५ प्रतिशतको व्यवस्था
- उमेर र क्लस्टर समूहका आधारमा हुने प्रतिनिधित्व एक व्यक्तिका लागि एक पटक मात्र हुने
- पार्टीको तर्फबाट सार्वजनिक पद धारण गर्नेले उम्मेदवार बन्नुपूर्व सम्पत्ति विवरण बुझाउनुपर्ने

### ■ निर्वाचन प्रक्रिया जारी, आज मतदान

मंगलबार दोस्रो दिनको बन्दसत्रले पार्टीको मौजुदा निर्वाचन समिति भंग गर्दै डेमोक्रेटिक लयर्स एसोसिएसन (डिएलए)का अध्यक्ष सीताराम केसीको संयोजकत्वमा निर्वाचन समिति गठन गर्दै निर्वाचन प्रक्रिया सुरु गरेको छ । समिति सदस्यहरूमा अशोक पोखरेल, गोकर्ण बन्जाडे, आरसी विमल पौडेल र रामचन्द्र गौतम छन् । १ सभापति, २ उपसभापति र २ महामन्त्री गरी विधानअनुसारका सबै पदाधिकारीका लागि निर्वाचन हुनेछ । सहमहामन्त्रीमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, मुस्लिम, थारू, पिछडिएका समुदाय गरी ८ जना रहन्छन् भने खुलातर्फ ३५ जना केन्द्रीय सदस्य चुनिनेछन् । पदाधिकारीमा कोषाध्यक्ष भने निर्वाचित हुने विधानमा व्यवस्था छैन । १३ पदाधिकारीसहित १२१ केन्द्रीय सदस्यका लागि निर्वाचन हुने जनाइएको छ । ▸▸▸ **बाँकी पृष्ठ ६**



प्रतिनिधिसभा निर्वाचन-२०८२

**५०** दिन बाँकी

**माघ ६** : प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता
**माघ ९** : प्रत्यक्ष उम्मेदवारको अन्तिम नामावली प्रकाशन
**माघ ९** : प्रत्यक्ष उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान
**माघ २०** : समानुपातिक उम्मेदवारको अन्तिम सूची प्रकाशन
**फागुन २१ : मतदान**

### मुस्ताङको तापक्रम माइनस २० सम्म झर्‍यो, विकास निर्माण ठप्प



पृष्ठ ३

### ओखरपौवा तीनपिप्ले खण्डमा उच्च क्षमताको प्रसारण लाइन बन्ने



पृष्ठ ७

### इरानमा प्रतिबन्ध थप खुकुलो

पृष्ठ १३

## हिमाचलको आवासीय भवनमा आगलागी हुँदा २ परिवारका ९ नेपालीको मृत्यु



■ **सौर्य समाचार**

काठमाडौँ । भारतको हिमाचलमा सोमबार राति भीषण आगलागी हुँदा २ परिवारका ९ जना नेपालीको मृत्यु भएको छ । मृतकमध्ये ५ जना नाबालिग छन् । हिमाचलको सोलान जिल्लास्थित आर्की बजारमा काम गर्दै आएका उनीहरू रोजगारीका लागि त्यहाँ पुगेका थिए । मृतकहरू सल्यानको सिद्ध कुमाख गाउँपालिका-२ टाकुराका हुन् । मृत्यु हुनेमा ३३ वर्षीय धनबहादुर विक, उनकी पत्नी ३२ वर्षीया कविता विक, छोरी १६ वर्षीया राधा विक, अर्की छोरी १० वर्षीया रेणुका विक र छोरा २२ महिनाका राजन विक छन् । यसैगरी अर्को परिवारका ४६ वर्षीय काशीराम विक, उनकी पत्नी ३२ वर्षीया टीका विक, छोरी ११ वर्षीया अनु विक र छोरा ७ वर्षीय किरण विक छन् ।

वडाध्यक्ष मेकबहादुर बुढाथोकीले घटनाप्रति दुःख व्यक्त गर्दै मंगलबार सामुदायिक विद्यालय र सरकारी कार्यालय शोक बिदा दिइएको उल्लेख गरेका छन् । आगलागीमा परेर हराइरहेका नेपालीको खोजीका लागि राष्ट्रिय विपद् प्रतिकार्य बल र कुकुरको टोली परिचालन गरिएको थियो । आगलागीले मुख्यतया आप्रवासी परिवारहरू बसोबास गर्ने ४ तले भवन ध्वस्त भएको थियो भने नजिकका संरचनामा पनि क्षति पुगेको थियो । प्रत्यक्षदर्शीका अनुसार त्यहाँ ६ देखि ७ वटा विस्फोटको आवाज सुनिएको थियो । स्थानीय प्रहरीले भारतीय न्याय संहिताको धारा २८७ अन्तर्गत वा दहनशील पदार्थको सम्बन्धमा लापरबाही आचरणको मुद्दा दर्ता गरेको छ । सोलनका कार्यवाहक कमिसनर मनमोहन शर्माले आगलागीको कारणबारे अनुसन्धान गर्न आदेश दिएका छन् ।

## डेढ वर्षपछि भेटियो ३३ यात्रुसहित त्रिशूलीमा विलिन भएको गणपति डिलक्सको अवशेष

■ **सौर्य समाचार**



काठमाडौँ । डेढ वर्षअघि २८ असार, २०८१ मा ३३ जना यात्रुसहित नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत चितवनको सिमलतालमा दुर्घटना हुँदा त्रिशूली नदीमा हराएको गणपति डिलक्स बसको अवशेष फेला परेको छ । सोही दिन २६ जना यात्रुसहित सोही स्थानमा दुर्घटना भएको एन्जल डिलक्स भने अझै फेला पर्न सकेको छैन । गत आइतबार तनहुँको आँबुखैरेनी गाउँपालिका-५ दोन्द्राडबेँसीस्थित त्रिशूली नदी किनारमा बसको अवशेष फेला परेपछि सिमलतालमा बेपत्ता भएको बस हुन सक्ने आशंका गर्दै त्यसको उत्खनन सुरु भएको थियो ।

मंगलबार भने उक्त अवशेषको पाटपुर्जामा गणपति डिलक्स लेखिएको भेटिएपछि सोही बस भएको पुष्टि भएको हो । खोजीका लागि अहिले सशस्त्र प्रहरी परिचालन गरिएको छ । बसमा शव पनि हुन सक्ने र त्यसै आसपास एन्जल डिलक्स बस पनि भेटिन सक्ने आशंकामा खोजी कार्यलाई तीव्रता दिइएको छ । एक स्थानीयले माछा मार्ने क्रममा जाल अड्किएपछि शंका लागेर खोतल्दा बसजस्तो संरचना देखिएको थियो । त्यसपछि प्रहरीलाई खबर गरेलगत्तै सुरक्षाकर्मीको टोली घटनास्थल पुगेको थियो । २८ असार, २०८१ मा सिमलतालमा भएको उक्त दुर्घटनाको अध्ययनका लागि ३१ असारमा गृहमन्त्रीस्तरीय निर्णयमा कार्यदल गठन गरिएको थियो । गृह मन्त्रालयका सहसचिव छवि रिजालको संयोजकत्वमा गठित कार्यदलले २२ साउनमा आफ्नो प्रतिवेदन बुझाएको थियो । त्यसबेला बस दुर्घटनामा ५ कारण औँल्याउँदै दुर्घटनाबारे अध्ययन गर्न बनेको कार्यदलले तत्कालीन गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन बुझाएको थियो ।

२८ असारको बिहान २६ यात्रुसहित वीरगन्जबाट काठमाडौँ आउँदै गरेको बाग्मती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स र ३६ यात्रुसहित काठमाडौँबाट रौतहटको गौरका लागि छुटेको बाग्मती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बस सडकमाथिबाट आएको लेदोसहितको पहिरोले बगाउँदा त्रिशूली नदीमा खसेका थिए । गणपति डिलक्सका ३६ मध्ये ३ यात्रुले भने हामफालेर ज्यान जोगाएका थिए भने भने ५९ जना यात्रु बेपत्ता भएका थिए । बेपत्तामध्ये विभिन्न ठाउँमा २४ जनाको शव फेला परे पनि १९ जनाको मात्र सनाखत भएको थियो । बाँकी अझै बेपत्ता छन् ।

### ■ १ वर्षमै ३० प्रतिशतले बढ्यो शंकास्पद कारोबार

## ग्रे लिस्टबाट बाहिरिनु 'फलामको चिउरा'



■ **केशव भट्ट**

काठमाडौँ । सरकारले सम्पत्ति शुद्धीकरण निवारणमा प्रभावकारी काम गर्न नसक्दा बैंकिङ क्षेत्रको शंकास्पद कारोबार ३० प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी एकाइ (एफआइयू)ले निकालेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा शंकास्पद कारोबारमा उल्लेख्य वृद्धि देखिएको हो । वित्तीय अपराधको पहिचान, अनुसन्धान र अभियोजन प्रक्रियामा ढिलाइ हुँदा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधि मामलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) ले नेपाललाई ग्रे लिस्टमा राखेको छ । राष्ट्र बैंकको प्रतिवेदनले नेपाल ग्रे लिस्टबाट बाहिर निस्किन झनै चुनौतीपूर्ण देखिएको छ ।

आव २०८१/८२ मा ८ हजार ५६५ वटा शंकास्पद कारोबार तथा गतिविधि भएको पाइएको प्रतिवेदनमा उल्लेख छ, जुन अघिल्लो वर्षको तुलनामा करिब ३० प्रतिशतले बढी हो । एकाइले प्रतिवेदनको विश्लेषणसमेत उल्लेख्य रूपमा बढेको जानकारी दिएको छ । विश्लेषणपछि ८४५ वटा शंकास्पद कारोबार तथा गतिविधिमा आधारित वित्तीय जानकारी प्रतिवेदन नेपाल प्रहरी, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत सम्बन्धित कानुन कार्यान्वयन गर्ने निकायहरूमा पठाइएको छ । यसबाट वित्तीय अपराधको पहिचान, अनुसन्धान र अभियोजन प्रक्रियामा प्रत्यक्ष सहयोग पुगेको प्रतिवेदनमा उल्लेख छ ।

एकाइका अनुसार अन्तर्राष्ट्रिय स्तरमा पनि सहकार्य विस्तार गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा एकाइले विदेशी वित्तीय जानकारी एकाइहरूसँग ६४ वटा सूचना आदानप्रदान गरेको छ । यसले सीमापार वित्तीय कारोबारबाट उत्पन्न जोखिम, अन्तरदेशीय अपराध सञ्जाल, साइबर ठगी तथा नयाँ प्रकृतिका अपराध प्रवृत्तिविरुद्धको सहकार्यलाई थप सुदृढ गरेको एकाइको दाबी छ । वित्तीय सूचना संकलनमा समेत वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । आव २०८०/८१ मा १ हजार ६३८ रहेका 'गो एएमएल'मा आबद्ध सूचक संस्थाहरूको संख्या आर्थिक वर्ष २०८१/८२ मा बढेर ३ हजार ४८७ पुगेको छ ।

### सरकारले कानुन कार्यान्वयन गर्न नसक्दा समस्या भयो

● **नरबहादुर थापा**, *पूर्वकार्यकारी निर्देशक, राष्ट्र बैंक*



शंकास्पद कारोबार तथा सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रमा पछिल्लो १० वर्षमा सरकारले प्रभावकारी काम गर्न नसकेकै हो । नेपाल दोस्रो पटक ग्रे लिस्टमा पर्नुको मुख्य कारण पनि यही हो । सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन र कारबाहीमा कमजोरी हुँदा शंकास्पद कारोबार बढ्दो छ । ऐन-कानुन पर्याप्त भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेन । सुशासन कायम हुन सकेन । एफआइयूले जसरी 'गो एएमएल' बनाएर सबै वित्तीय संस्था आबद्ध गराएर प्रभावकारी काम गरेको छ, यही गतिमा अनुसन्धान, अभियोजन र फैसला हुने हो भने यस्ता गतिविधि कम हुनुका साथै ग्रे लिस्टबाट बाहिर निस्किन सहयोग पुग्छ । सरकारको इच्छाशक्ति र क्षमता नहुँदा शंकास्पद कारोबार बढेको हो ।

## ४ वर्षअघिको बडुवाल हत्या प्रकरणको फैसला

### ■ ६ जनालाई आजीवन कैद, ७ जनालाई जन्मकैद र ७ जनालाई सफाइ

■ **सौर्य समाचार**



काठमाडौँ । ४ वर्षअघिको भूपेन्द्र बडुवाल हत्या प्रकरणमा जिल्ला अदालत कैलालीले फैसला सुनाएको छ । जिल्ला न्यायाधीश गोकुल निरौलाको एकल इजलासले हत्याका १३ जना आरोपीलाई जन्मकैद हुने फैसला सुनाएको हो । प्रतिवादीहरूमध्ये ६ जनालाई आजीवन कैद र ७ जनालाई जन्मकैद हुने फैसला भएको छ भने ७ जनालाई सफाइ दिएको छ । प्रतिवादीहरू नवीन रावल, आर्यन देवकोटा, रोशनबहादुर शाही, अनुज भन्ने चिरञ्जीवीजंग शाही, रोहित आले र हिमाल शाही गरी ६ जनालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ बमोजिम आजीवन जन्मकैद र प्रतिवादी मदन शाही, हेमन्त शाही, धीरज भन्ने दीपेन्द्र शाही, गोलु भन्ने निशान्त मल्ल, लोकेन्द्र कुँवर, सविनजंग शाही र शोहन शाहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (१) बमोजिम जन्मकैदको सजाय हुने फैसला सुनाएको हो ।

त्यस्तै, प्रतिवादी अशोक रावल, महेश रावल, जयन्द्र शाह, विकास खड्का, प्रवीन रिमाल, विकास शेरचन थकाली र कपिल श्रेष्ठलाई भने सफाइ दिएको छ । २३ कात्तिक, २०७८ को राति टीकापुर नगरपालिका सिद्धार्थ होटलनजिक रहेको बडुवालका आफन्त कौसीदेवी विष्टको घरको आँगनमा बडुवालमाथि धारिलो हतियार प्रहार गरिएको थियो । आक्रमणबाट घाइते भएका बडुवालको टीकापुर अस्पताल पुर्‍याएको केही समयमै मृत्यु भएको थियो । हत्याको उक्त घटनाबारे सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयको विशेष अनुसन्धान टोली र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले अनुसन्धान गरेको थियो ।

अनुसन्धानका क्रममा २ आपराधिक समूहको आपसी विवादका कारण आफ्नो विरोधी समूहका युवा ठानेर आर्यन, रोशन, रोहित, चिरञ्जीवीलगायतले बडुवालको हत्या गरेको पत्ता लागेको थियो । अनुसन्धानको ४ महिनापछि २६ फागुन, २०७८ मा जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा मुख्य आरोपी नवीन रावलसहित २१ जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दामा आजीवन कैद मागदाबीसहित मुद्दा दायर गरेको थियो ।

# भरतपुरमा देशकै सबैभन्दा लामो महानगरस्तरीय बृहत् चक्रपथ निर्माण

■ सौर्य समाचार

चितवन । देशको सबैभन्दा लामो महानगरस्तरीय बृहत् चक्रपथ भरतपुर महानगरपालिकाका विभिन्न वडाहरू जोड्ने नेसनल हाइवे (एनएच-७७) मंगलबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ । महानगर प्रमुख रेणु दाहाल र उपप्रमुख चित्रसेन अधिकारीले भरतपुर-९ स्थित गोन्द्राङको जिरो किलोमिटरबाट चक्रपथको उद्घाटन गरे । स्थानीय सरकार गठनपछि गौरवको आयोजनाका रूपमा अघि बढाइएको ८८.६ किलोमिटर लामो चक्रपथ निर्माण कार्य ७ वर्षअघि सुरु गरिएको थियो । विभिन्न चरणमा सम्पन्न हुँदै आएको उक्त सडकको अधिकांश खण्डमा काम सम्पन्न भइसकेको छ । केही स्थानमा कालोपत्र तथा अलाइनमेन्ट मिलाउने काम बाँकी रहे पनि अन्य खण्डमा सडक निर्माण पूरा भएको जनाइएको छ ।

उद्घाटन कार्यक्रममा महानगरकी प्रमुख दाहालले स्थानीय तह आएपछि भरतपुरमा उल्लेखनीय विकास कार्य भएको बताइन् । उनले भनिन्, 'महानगरपालिकाको गौरवको प्राथमिकताप्राप्त योजनाका रूपमा हामीले यसलाई अघि बढाएका हौं, देशकै सबैभन्दा लामो महानगरस्तरीय 'रिङरोड' अहिले राष्ट्रिय राजमार्ग (एनएच)का रूपमा विकास भएको छ ।' केन्द्रीय सडकका रूपमा सूचीकृत भएसँगै अब यस सडकलाई केन्द्र सरकारले समेत प्राथमिकतामा राखेर हेर्ने उनले बताइन् । अरबौं रुपैयाँको लगानीमा संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा यो सडक निर्माण गरिएको उनले जानकारी दिइन् । सडक पूर्ण रूपमा पक्की भइसकेको उल्लेख गर्दै उनले कतिपय स्थानमा व्यवस्थापनका काम बाँकी रहेको बताइन् ।

'जहाँ जसरी सम्भव हुन्छ, त्यसैअनुसार निर्माण गरिएको छ, जनतालाई मर्का पर्नेगरी बाटो विस्तार गरिएको छैन,' उनले स्पष्ट पारिन् । सडकको मापदण्ड ३० मिटर कायम गर्ने महानगरपालिकाको निर्णय रहेको र वडाबाट आएका सुझावका आधारमा छलफल गरी व्यावहारिक ढंगले काम अघि बढाइएको उनले बताइन् । आगामी दिनमा यस सडकलाई स्तरोन्नति गरी २ लेनमा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रमुख दाहालले भरतपुरमा भौतिक विकासले फड्को मारेको उल्लेख गरिन् । उनले हजारौं किलोमिटर सडक कालोपत्र भइसकेको जनाउँदै अब सामाजिक विकास र रोजगारी सिर्जनालाई महानगरले प्राथमिकतामा राख्ने बताइन् ।

कार्यक्रममा नगर उपप्रमुख चित्रसेन अधिकारीले भरतपुरको समग्र विकासमा चक्रपथले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । उनले भौतिक र सामाजिक विकासलाई सँगसँगै अघि बढाउन महानगरपालिका निरन्तर लागिपरेको जानकारी दिए । संघीय, प्रदेश र स्थानीय तहको लगानीमा निर्माण भएको रिङरोडको शिलान्यास २०७५ असार २९ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नारायणगढको पुलचोकमा गरेका थिए । महानगरपालिकाका इन्जिनियर साकार लामाका अनुसार चक्रपथ सुरु भएको ७ वर्षमा अधिकांश स्थानमा कालोपत्र सम्पन्न भएको छ भने केही खण्डमा 'अलाइनमेन्ट' स्पष्ट नभएकाले काम बाँकी रहेको छ ।

चक्रपथका केही भाग राष्ट्रिय राजमार्गसँग समेत जोडिने उनले बताए । महानगरले तयार पारेको चक्रपथ नारायणगढको पुलचोकबाट नारायणी नदीतर्फ गोलाघाटसम्म पुग्छ भने मंगलबार उद्घाटन भएको गोन्द्राङबाट जंगलको किनारैकिनार पटिहानी-जगतपुर हुँदै पुनः गोलाघाटमै जोडिन्छ ।

# अवैध अन्तर्राष्ट्रिय कल बाइपासमा संलग्न ७ चिनियाँ पक्राउ

■ सौर्य समाचार

काठमाडौं । अवैध अन्तर्राष्ट्रिय कल बाइपासमा प्रयोग गरिएका उपकरणसहित ७ चिनियाँ नागरिक पक्राउ परेका छन् । गैरकानुनी रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाइपास सञ्चालन गरिरहेको भन्ने सूचनाका आधारमा केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले उनीहरूलाई मंगलबार काठमाडौं महानगरापालिका-२७ स्थित ज्याठाबाट पक्राउ गरेको हो । उनीहरूले चिनियाँ नागरिक लिउ प्यानले सञ्चालन गरेको होटलमा इन्टरनेटको प्रयोग गरी कल बाइपास गर्ने गरेको अनुसन्धानबाट खुलेको ब्युरोले जनाएको छ । कल बाइपास गर्ने उपकरणसहित पक्राउ परेका चिनियाँ नागरिकमाथि दूरसञ्चार ऐन, २०५३ अन्तर्गतको कसुरमा थप अनुसन्धान भइरहेको ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए ।

यसैबीच, ब्युरोको टोलीले जेनजी आन्दोलनका क्रममा कारागार कार्यालय कास्कीबाट फरार कैदी कृष्णबहादुर मिजारलाई काठमाडौंको तारकेश्वरबाट मंगलबार पक्राउ गरेको छ । कारागारबाट फरार रही काठमाडौं उपत्यकामा लुकीछिपी बसेको भन्ने सूचनाका आधारमा उनलाई पक्राउ गरिएको हो । मिजारलाई कारागार कार्यालय जगन्नाथदेवल पेस गरिएको ब्युरोले जनाएको छ ।

---

नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

डडेल्धुरा अस्पताल, डडेल्धुरा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति:२०८२/०९/३० गते)

यस कार्यालयको मिति २०८२।०८।१६ गतेमा प्रकाशित सूचना वमोजिम सरसफाई सामाग्री आपूर्ति गर्ने कार्यका लागि पेश भएका बोलपत्रहरुमध्येबाट तपशिलमा उल्लेखित वोलपत्रदाताको बोलपत्र स्वीकृतीको लागि छनौट गरिएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | कवोल अंक (भ्याट वाहेक) |
|---|---|---|---|
| MoHP/DH/S/ NCB/11/2082-83 | Procurement of Sanitation Items for Hospital | Amargadhi Media House Dadeldhura | 104000/ |
| | | Milan Multi International Suppliers Kathmandu. | 809500/ |
| | | B.N. Business Concern Dadeldhura. | 816960/ |
| | | Radha krishna Printing press Dadeldhura | 721000/ |

प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

---

## सोताङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सोताङ, सोलुखुम्बु

कोशि प्रदेश, नेपाल

### आर्थिक प्रस्तावको लागि सफल भएको बारे सूचना

(सूचना प्रकाशित मितिः २०८२।०९।३०)

यस कार्यालयद्वारा हिमालयन टाइम्स दैनिक पत्रिकामा मिति २०८२।०८।07 गते बोलपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना बमोजिम तोकिएको अवधि भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव खोलि मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली,२०६४ को नियम ३१(ङ) को उपनियम (५)अनुसार आर्थिक प्रस्ताव यहि मिति २०८२/१०/०७ गते बुधबार दिनको २बजे यस कार्यलयमा खोलिने भएकोले सम्बन्धित सबै बोलपत्रदाताहरु तथा सरोकारवालाहरुको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | कामको विवरण | बोलपत्रदाताहरुको नाम र ठेगाना |
|---|---|---|
| 1. | Sotang Gaupalika Sabha Hall Nirman CONTRACT NO: 04/SRM/NCB/2082/83 | 1. DENDHUB NIRMAN SEWA P.V.T SOLUDUDHKUNDA-5 SOLUKHUMBU NEPAL |

---


## Malaysia मा बैदेशिक रोजगारको अवसर

### PLANTANI FOOD INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति : 2026/01/12 Lt No.: 336919 चलानी नं.: 60250544

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्युनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER/ FACTORY WORKER | 2 | 0 | [illegible] | 1700 | ६0,५0३ | कम्पनीको नियमअनुसार | ८ घण्टा | ६ दिन | क. नियमअनुसार | छ | छ | २ वर्ष |

### JULIE'S MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति : 2026/01/12 Lt No.: 336918 चलानी नं.: 60250543

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER/ FACTORY WORKER | 32 | 0 | [illegible] | 1700 | ६0,५0३ | कम्पनीको नियमअनुसार | ८ घण्टा | ६ दिन | क. नियमअनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ९ गते (23 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

रोज ओभरसिज प्रा.लि.

चण्डोल चोक, बंसिधर मार्ग, काठमाडौं, फोन नं. : ४४१२८७४, ४४४६१०५, फ्याक्स : ४४१७२४०

श्रम इजाजत नं. १४७/०५६/०५७

E-mail : roseoverseas@yahoo.com, roseovrs147@gmail.com, Web : www.roseoverseas.com.np


---

Government of Gandaki Province

Ministry of Industry and Tourism &

Ministry of Social Development, Youth and Sports

## Office of Integrated Service

Baglung

### Invitation for Online Bids

Date of publication: 14th January 2025 (30 Poush 2082)

1. Office of Integrated Service Baglung invites Electronic bids from eligible bidders for following works under National Competitive Bidding Procedure. Only eligible bidders should participate in the bidding.

| S.N. | Contract No. | Name of Contract | Bid Security Amount (Validity Period) | Bid Document fee | Bid submission Date and Time |
|---|---|---|---|---|---|
| 1 | EEGS/OIS/JS/ NCB/01/2082-83 | Supply of Electronic items, Goods and structural work at janamat ma.bi. Balewa | 85000 (beyond 90 Days) | 3000 | Last Submission Date: 15-02-2026 12:00 Bid Opening: 15-02-2026 14:00 |

2. Eligible bidders may obtain furthe info and inspect the bidding document at the office of Office of Integrated Service, Baglung or may visit PPMO website. www.bolpatra.gov.np/egp
3. It the date of purchasing and/or submission falls on government holiday, then next working day shall be considered as the last date. In such case validity period of bid security shall remain the same as specified for the orginal last dateof bid submission.

Office Chief

---

## बरहथवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही

मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मितिः २०८२/०९/३०

यस बरहथवा नगरपालिकाबाट मिति २०८२/०८/१६ गतेको सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदभा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं. | ठेक्का नं. | छनौट भएका फर्म | ठेगाना | कबोल अंक (रु.मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | **BM/ROAD/NCB/01/2082/083**, Construction of Barahathawa Na. Pa. Wada No 2 ko khel Maidan Dekhi Munna Chock Hudai Rautahat Jilla ko Gadhimai Na. Pa. Samanpur Jodne Sadak Kalopatre Karye. | श्री दुधौली बिल्डर्स-इन्सेप्सन-प्रसिद्ध जे. भी. | महालक्ष्मी न.पा.-०७, ललितपुर | १,१०,९८,४०३।५२/- |
| २. | **BM/BUILDING/NCB/02/2082/083**, Construction of RCC Framed School Building for Shree Mukteshower Ganesh Ramsakhi janta Ma. Bi. murtiya, Barahathawa-09 & Shree Aadharbhut Bi. Nayatole Barahathawa-18, Sarlahi | श्री एम्पायर बिल्डर्स एण्ड बार्टर्स प्रा. लि. | बागमति न.पा.-११, सर्लाही | १,०६,३९,३९१।७२/- |

प्रमुख प्रशासकीय अधिकृत

---

## Invitation for Bids

Government Of Nepal

## Mapya Dudhkoshi Rural Municipality

## Office of Rural Municipal Executive

Khastap, Solukhumbu

Koshi Province, Nepal

### Invitation for Bids No: MDRM/NCB/WORKS/2082/083-02

Date of publication: 2082/09/30

1. The Government of Nepal has allocated funds or received a loan/credit/grant from GoN towards the cost of Construction of Mapya Dudhkoshi Rural Municipality Office Building at Khastap, Solukhumbu and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Mapya Dudhkoshi Rural Municipality Office Building at Khastap, Solukhumbu, Contract No. MDRM/NCB/WORKS/2082/083-02. Bidding is open to all eligible as per Section V of bidding document.
2. Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu invites sealed bids or electronic bids from eligible bidders for the construction of Construction of Mapya Dudhkoshi Rural Municipality Office Building at Khastap, Solukhumbu under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 9,30,00,000
   - Minimum Work experience of similar size and nature: Construction of at least one Governmental or Semi-Governmental RCC building of amount NRs. 5,55,00,000 or above.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu, Email : info@mapyadudhkoshimun.gov.np / ito.mapyadudhkoshimun@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Rs. 10,000 in the account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Agriculture Development Bank
   **Name of Office :** Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu
   **Office Code no. :** 801010903 **Account no.:** 1125601506508055
   **Account Name :** Mapya Dudhkoshi Rural Municipality
   **Rajaswa (revenue) Shirshak no. :** 142209
6. Pre-bid meeting shall be held at Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu at on 2082/10/26.
7. Sealed or electronic bids must be submitted to the office Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2082/11/01. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2082/11/01 14:00 at the office of Khastap, Solukhumbu. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 23,00,000, which shall be valid for 30 days beyond the validity period of the bid 120 days after the bid validity period.
   **Name of Bank :** Agriculture Development Bank
   **Name of the Office :** Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu
   **Office Account No. :** 1125601506508047
   **Account Name :** Mapya Dudhkoshi Rural Municipality
   **Office Code No :** 801010903
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

# मुस्ताङको तापक्रम माइनस २० डिग्री, विकास निर्माणका काम ठप्प

■ सौर्य समाचार

मुस्ताङ। अत्यधिक चिसोका कारण हिमाली जिल्ला मुस्ताङमा विकास निर्माण काम ठप्प भएका छन्। हिउँदयामको मौसममा अत्यधिक चिसो बढेसँगै मुस्ताङका ५ वटै स्थानीय तहमा कार्यान्वयनमा आइरहेका पूर्वाधार विकास निर्माणका काम ठप्प हुन पुगेका हुन्। उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक खण्डअन्तर्गत सडक तथा पुल निर्माण योजना अत्यधिक चिसोका कारण प्रभावित बनेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिइन्। अत्यधिक चिसोका कारण विकास निर्माणमा परिचालित उपकरण पनि थन्किन पुग्छन्। पुसअगावै कोरला सडकअन्तर्गत मुस्ताङ खण्डमा आयोजनाको काम स्थगित गरिएको उनले बताइन्।

राष्ट्रिय गौरवको कोरला सडक खण्डअन्तर्गत मुस्ताङमा चिसोले प्रभावित बनेका पूर्वाधार निर्माणका काम चैत महिनापछि पुनः सञ्चालनमा आउने प्रमुख शर्माको भनाइ छ। उनका अनुसार कोरला सडकअन्तर्गत चालु आवमा ठेक्का सम्झौता भएको (कागबेनी-छुसाङ) ९.८ किमी कालोपत्र सडक स्तरोन्नतिको काम चिसोका कारण रोकिएको छ। कागबेनी-छुसाङ सडक कालोपत्र गर्न आयोजनाले २८ करोड ८७ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। आयोजनाअन्तर्गत २०७५ सालमा ठेक्का सम्झौता भएको कोरला नाका जोड्ने एक स्पानको ४० मिटर लामो घमी खोला पुलको काम पनि चिसोका कारण रोकिएको आयोजनाले जनाएको छ। हिमढुङ ठोक्कर एन्ड इमोटल जेभी कन्ट्रक्सनले ६ करोड ८० लाख रुपैयाँ लागतमा ठेक्का सम्झौता गरी काम अघि बढाए पनि यहाँको घमी खोला पुल निर्माणमा ढिलाइ भएको छ। भौतिक प्रगति ८० प्रतिशत पुगेको घमी खोलामा गत असोजमा फाउन्डेसन निर्माण गरी स्लाप ढलान सकेको छ। यहाँ एप्रोज रोड र पुल फिनिसिङको काम बाँकी रहे पनि अत्यधिक चिसो बढेकाले पुल निर्माणको काम स्थगित हुन पुगेको आयोजना प्रमुख शर्माको भनाइ छ। यसैगरी, कोरलानाका जोड्ने राष्ट्र्य गौरवको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत थासाङ गाउँपालिका-२ कोवाङदेखि घरपझोङ-४ जोमसोमसम्मको १७ किलोमिटर सडक पनि चिसोका कारण अवरुद्ध हुन पुगेको छ। २०७३/०७४ देखि ठेक्का सम्झौता भई अस्फाल्ट कालोपत्र सडक निर्माण सुरु गरिएको भए पनि यहाँ निर्माण कम्पनीको ढिलासुस्तीले निर्माणको काम पूरा हुन सकेको छैन। यद्यपि यहाँको सडकमा करिब ५ किलोमिटर सडक कालोपत्र हुन बाँकी छ। निर्माण कम्पनीले सक्रियता बढाएको भए पुसअगावै निर्माणको काम सकिने आयोजनाको विश्वास थियो।

यसैगरी, कोरला सडकअन्तर्गत थासाङ गाउँपालिकामा निर्माणाधीन लार्जुङ खोला पुल र कैकु खोला पुल निर्माणको काम पनि चिसोले प्रभावित भएको आयोजना प्रमुख शर्माले उल्लेख गरिन्। अत्यधिक चिसोका कारण मुस्ताङमा दर्जनौं संघीय, प्रादेशिक कार्यालय र स्थानीय निकायका विकास योजना ठप्प भएका हुन्। मुस्ताङस्थित पूर्वाधार विकास कार्यालयद्वारा कार्यान्वयनको चरणमा रहेका पुरानो वहुवर्षीय योजना १२ र चालु वर्ष थपिएका १३ नयाँ योजनाको काम चिसोका कारण प्रभावित बनेको पूर्वाधार विकास कार्यालयका सबइन्जिनियर जगदीश जोशीले जानकारी दिए। सबइन्जिनियर जोशीका अनुसार घरपझोङ-२ मार्फास्थित आलबारी जाने सडकमा कटिङको काम भइरहेको भए पनि कार्यालयद्वारा कार्यान्वयनमा रहेका अधिकांश योजना चिसोका कारण स्थगित गर्नुपरेको छ।


## भू तथा जलाधार व्यवस्थापन कार्यालय

विरेन्द्रनगर, सुर्खेत

### बोलपत्र स्वीकृतिको आशयको सूचना

**सुचना प्रकाशित मिति: २०८२/०९/३०**

भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतको मिति २०८२/०८/१७ मा मिसन टुडे मा प्रकाशित सुचना अनुसार निम्न निर्माण कार्यको लागी बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र दाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२)को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि ७ (सात) दिने आशयको सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं | सार्बजनिक निर्माण कार्यको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क र पि एस समेत रु) |
|---|---|---|---|
| SWMOSKT/ WORK/ NCB/02-082/83 | Construction of RCC Retaining wall and Fencing | Green Construction Musikot-4, Rukum paschim | ३२,९५,,४२९।५१ |
| SWMOSKT/WORK /NCB/03-082/83 | Construction of Gabion Check dam, Fencing and Plantation work | P. K & Company Pvt.Ltd, dullu- 08 , dailekh | ४५,१९,२०६।०७ |

Government of Koshi Province
Ministry of Tourism, Forest and Environment
**Enhancing Capacity for Sustainable Management of Forest, Land and Biodiversity in the Eastern Hills**
Koshi Province, Biratnagar, Nepal

### Expression of Interest (EoI) Notice

**Notice Publication Date: 2082/09/30**

| S.N. | Notice No. | Job Description |
|---|---|---|
| 1 | MoTFE/FLB/Koshi/ EoI/2082/83-02 | Consulting services for Preparation of Biodiversity Profile of Koshi Province |
| 2 | MoTFE/FLB/Koshi/ EoI/2082/83-03 | Consulting services for Develop/adapt tools (e. g. decision trees), resources and communication materials to facilitate gender and biodiversity-sensitive local level land use planning process |

For more details, please visit PPMO website: https://bolpatra.gov.np/egp

### नबिल बैंक लिमिटेड, चरीकोट शाखा, दोलखा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः : २०८२/०९/३०)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबै लाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

मान बहादुर खत्रीको नाति भक्त बहादुर खत्रीको छोरा दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. १३ बस्ने नागरिकता नं. २२१०१४/४८९, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. दोलखा, मितिः बि.सं.२०६४/०५/२६) भएको **नारायण के.सी**।

**जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरणः

१. जय बहादुर खत्रीको नाति, मान बहादुर खत्रीको छोरा, दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. ०७ बस्ने, ना.प्र.नं. २२-०१-७४-०२५९३ (जारी मितिः २०७४/०७/०१, स्थान दोलखा) भएको **भक्त बहादुर खत्री**।
२. मान बहादुर खत्रीकी बहारी, भक्त बहादुर खत्रीकी पत्नी, दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. ०७ बस्ने, ना.प्र.नं. ५६/४१२४(जारी मितिः २०४६/०३/१७, स्थान दोलखा) भएको **भगवती के.सी**।
३. भक्त बहादुर खत्रीकी बहारी, नारायण के.सीकी पत्नी, दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. १३ स्थायी घर भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. ०७ बस्ने नागरिकता नं. २२-०१-७१/०८९०३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: दोलखा, मितिः बि.सं.२०७१/१२/१०) भएको **रुपसाना के.सी**।

**धितोको विवरण**

दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. ०७ बस्ने **भक्त बहादुर खत्री**को नाममा दर्ता भई यस बैंकका पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, मकैवारी गा.वि.स वडा नं. ०८ को कि.नं. १०५२, १०५८ को क्षेत्रफल त्रमशः ६१.०० र २९०.०० व.मि को जग्गा तथा सो जग्गामा बनेको घर समेतको सम्पूर्ण लिगलगापात।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

स्थानीय सरकार
## दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

### आशय पत्रको सूचना

**मिति : २०८२/०९/२८**

यस कार्यालयवाट मिति २०८२/०८/१५ गतेका दिन EGP मार्फत दरभाउ पत्र आह्वान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित दरभाउ पत्रहरु स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का न. | विवरण | निर्माण कम्पनि | कबोल रकम |
|---|---|---|---|
| Ward12/NCB/04/2082/83 | Upgrading of Aanetar chiyabari damaar road | U.K.B Construction khurkot golanjor | Rs. 39,34,030.8 |

प्रमुख प्रशासकीय अधिकृत

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/९/३०**

यस गोकर्णेश्वर नगरपालिका अन्तर्गत मिति २०८२/०८/२३ गतेको सौर्य दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हानको सुचना अनुसार दर्ता हुन आएका दरभाउपत्रहरु मध्य तल उल्लेखित बोलपत्रदाताको सिलबन्दी दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७(२) र सार्वजनिक नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ (१०), को प्रयोजनार्थ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्र आव्हानको सुचना नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क. बाहेक ) |
|---|---|---|---|---|
| 1.0 | GOMUN/SQ/ W/082-83/4 | RCC Road Construction from Shyamko ghar to Lalitko Ghar, Gokarneshwor Municipality ward no -04 | Nima and Ayusha Construction and Suppliers Pvt.Ltd, Melamchi -11 Sindhupalchok | 8,90,442.4 |

प्रमुख प्रशासकीय अधिकृत

## Itahari Sub-Metropolitan City
## Office of the Municipal Executive
Itahari, Sunsari

### Invitation for Bids

**Date of Publication:2082/09/30 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari, Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Bid Price NRs. | Bid Validity Period/ Bid Security Period | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/26G/082/083 | Supply and Delivery of Street Light, Itahari, Sunsari | 3,000.00 | 90/120 days | 2,30,000.00 | Single-Stage, Single-Envelope (NCB) |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

## Urlabari Municipality
## Office of Municipal Executive
Urlabari, Morang
Koshi Province, Nepal

### Invitation of Electronic Bids

**Date of Publication: 2082/09/30 (14th of January 2026)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-culvert-Ward1-W-NCB-22-082/83 | " Abiral chowk dekhe paschim khayarbatti holi ma culvert nirman & Namuna sukumbasi basti Jharsadhi holi ma culvert Nirman , ward 2 " | 36,50,348.00 /- | 81,000.00/- | 3000 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## सम्पादकीय

# स्वास्थ्य बिमा कार्यक्रमको औचित्यमाथि नै प्रश्नचिह्न

महाराजगन्जस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालले स्वास्थ्य बिमा कार्यक्रममार्फत उपचार सेवा बन्द गरेको समाचार झट्ट सुन्दा र पढ्दा कुनै एक अस्पतालको आन्तरिक मामिला हो कि जस्तो देखिन्छ। किनकि उसले बिमा कार्यक्रम मार्फतको उपचार सेवा प्रदान गरे बापतको ४० करोड रुपैयाँ भुक्तानी आउन बाँकी रहेका कारण उपचार सेवा बन्द गर्नु परेको जनाएको छ। उपचार गरेबापतको भुक्तानी उपलब्ध नगराइएपछि सेवा सञ्चालन गर्न वाध्य हुने चेतावनी अस्पतालले विगत ३-४ वर्षदेखि दिँदै आएको थियो। तर उसको चेतावनीप्रति सम्बन्धित निकायहरूले सुनुवाइ गरेनन्। त्रिवि शिक्षण अस्पतालमार्फत आएको यो समाचारले मुलुकको समग्र स्वास्थ बिमा कार्यक्रम असफल देखिएको पुष्टि भएको छ। किनकि यो समस्याबाट मुलुकका प्रायजसो सरकारी अस्पतालहरू पीडित छन्। कैयौँ अस्पतालहरूले यसअघि नै बिमा कार्यक्रम अन्तर्गतको उपचार सेवा स्थगित गरिसकेका छन्। त्रिवि शिक्षण अस्पतालले स्वास्थ्य बिमाअन्तर्गत आउने बिरामीको उपचारका लागि मासिक ५ करोड रुपैयाँ हाराहारीको खर्च हुने गरेको तर बिमा बोर्डले भने ५० प्रतिशत मात्रै स्वीकृत गर्दै आएको जनाएको छ। अस्पतालले आधिकारिक विज्ञप्तीमा दिएको यो हिसाब पक्कै पनि गलत छैन। वार्षिक रूपमा तोकिएको बजेट पाउने अस्पतालले महिनामै यति ठुलो रकम भुक्तानी नपाउँदा उपचारका अन्य सेवा प्रभावित हुनु स्वभाविकै हो। नियमित उपचार सेवासमेत प्रभावित हुने गरी स्वास्थ्य बिमा कार्यक्रम मार्फतको उपचार सेवा जारी नराख्ने अस्पतालको निर्णयलाई अन्यथा लिन मिल्दैन। त्यसैले यो समस्यालाई सरकारले गम्भीर रूपमा लिनुपर्छ।

भरपर्दो उपचार तथा सहुलियतपूर्ण शुल्कका कारण बिरामीहरूको धेरै चाप अहिले पनि सरकारी अस्पतालमै बढी हुने गर्छ, तर सरकारी अस्पतालले दाबी गर्ने बिमा रकमको भुक्तानीमा बिमा बोर्डले अनेक उल्झन् लगाउनुको कारण बारे छानबिन हुनु जरुरी छ। कतै केही निजी अस्पताल तथा बिमा कम्पनीहरूको मिलिभगतमा त यस्तो कृत्य भइरहेको छैन भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो। त्रिवि अस्पतालले स्वास्थ्य बिमा अन्तर्गतको सेवा बन्द गर्दा सेवाग्राहीलाई असर पर्नु स्वाभाविकै भए पनि समस्या बेलैमा उजागर भएकोले समाधानका लागि गृहकार्य गर्न सरकारलाई सहयोग पुगेको छ। त्यसैले त्रिवि शिक्षण अस्पतालको यो कदमलाई स्वाभाविक रूपमा लिनुपर्छ। किनकि शिक्षण अस्पतालले अचानक यो निर्णय गरेको होइन, विगत ३-४ वर्षदेखि गुनासो पोख्दै र चेतावनी दिँदै आएको थियो। यस विषयमा सरकारले बेलैमा छानबिन गरी समस्या समाधान नगरे बाँकी सरकारी अस्पतालहरूले पनि यो कदम चल्न बाध्य हुनेछन्। कतिपय निजी अस्पतालहरूले पनि अनेक उल्झन निकालेर भुक्तानी रोकिँदै आएको गुनासो गर्नुले या त स्वास्थ्य बिमा बोर्ड भ्रष्टाचारको दलदलमा फँसेको छ, या त नीतिगत अस्पष्टता छ।

वास्तवमा हाम्रो देशको अर्थतन्त्रको आकार तथा राष्ट्रिय ढुकुटीमा जम्मा हुने रकमका तुलनामा सरकारले जनताका लागि दिएको सहुलियत निराशाजनक छैन। शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतमा आफ्नो हैसियत अनुसारकै सुविधा जनतालाई दिने प्रयासमा सरकार रहेको देखिन्छ, तर सरकारले कानुनी तथा नीतिगत रूपमा प्रदान गरेको सेवा सुविधा लक्षित वर्गसम्म भरपर्दो रूपमा पुग्न नसक्नु मुलुकका लागि ठुलो बिडम्बना हो। सरकारले कानुनी तथा नीतिगत रूपमै वार्षिक बजेटसमेत छुट्याएर प्रदान गरेको सुविधा लक्षित वर्गसम्म नपुग्नुले हाम्रो देशको कर्मचारी संयन्त्र कतिसम्म निकम्मा छ भन्ने कुरा पुष्टि हुन्छ। स्वास्थ्य बिमाकै सन्दर्भमा पनि ७० वर्ष नाघेका सबैलाई, कुनै परिवारमा १ जना सदस्य अति अशक्त छ भने परिवारका सबै सदस्यलाई, गरिबीको रेखामुनि रहेकालाई सरकार आफैँले बिमाको रकम बेहोर्दै आएको छ। तर उनीहरूमध्ये कैयौँ यो सुविधाबाट वन्चित छन्। सरकारद्वारा सञ्चालित अस्पतालहरू स्वंयले बिमा भुक्तानी लिन नसकिरहेको अवस्थामा लक्षित वर्ग सबैले यो सुविधा पाएका छन् भनेर कसरी पत्याउने ? हरेक वर्ष बिमा बापतको रकम भुक्तानी गर्ने, तर बिमा अन्तर्गतको स्वास्थ्य सेवा प्राप्त गर्न नसक्ने अवस्था सिर्जना हुँदा जनताप्रति निराशा तथा आक्रोश थप बढ्नु स्वभाविकै हो। तसर्थ सरकारले यो समस्यालाई गम्भीर रूपमा लिनुपर्छ।

# किंकर्तव्यविमूढ राजनीति



दिनेश रायमाझी

"रवि लामिछाने जसरी जेलबाट जमानतमा बाहिर आए, ठिक त्यसैगरी नै कुनै तरिकाद्वारा सफाइ पाउनेछन् र बाहिरै रहनेछन् भनेर अनुमान लगाउन कठिन छैन । उनी बाहिर आउने बित्तिकै बालेनको प्रधानमन्त्रीको पद सम्झौताको पत्रबाट बाहिर आउन सक्नेछैन । उनी पनि भित्ते प्रधानमन्त्री जस्तै सम्झौते प्रधानमन्त्रीमा सीमित रहनेवाला छन् ।

देश किंकर्तव्यविमूढको अवस्थाबाट गुज्रिरहेको अवस्था छ। सिंगो नेपाली समाज र राजनीति कुन बाटो सही हो र कुन बाटो गलत हो भनेर छुट्ट्याउन सक्ने अवस्थामा देखिँदैन, चारैतिर अस्पष्टता र अन्यौल लगातार बढ्दै गइरहेको छ। कुन निर्णयले देशलाई फाइदा पुग्छ र कुन निर्णय लिँदा देशलाई हानि गर्छ भन्ने कुरा छुट्याउन नसक्ने गरी सबै कुरा धमिलो र अस्पष्ट बन्दै जाँदै छ। नेपाली जनताको निम्ति यो गहिरो निराशा र लज्जाको विषय बनेको छ।

जेनेरेसन जेड (जेनजी)को आन्दोलनले नेपालको राजनीतिक इतिहासमा एउटा महत्त्वपूर्ण अध्याय थपेको छ र केही गहिरा र दीर्घकालीन पाठ सिकाएर गएको छ, जसबाट हामीले गम्भीर शिक्षा लिन सक्नुपर्छ। यसले दिएको पहिलो र सबैभन्दा महत्त्वपूर्ण शिक्षा भनेको कुनै पनि प्रकारको अलोकतान्त्रिक अभ्यासले अन्ततः द्वन्द्व, अराजकता र अस्थिरतालाई जन्म दिन्छ। लोकतान्त्रिक प्रक्रियाको आवरणमा जतिसुकै ठुलो भ्रष्टाचार, कुशासन, नातावाद, कृपावाद र आसेपासे राजनीति चलिरहेको भएता पनि त्यसले व्यक्तिगत स्तरमा असन्तुष्टि त पैदा गर्छ, तर त्यो असन्तुष्टि सामान्यतया सीमित दायराभित्र नै रहन्छ।

किनभने लोकतन्त्रको ढाँचाभित्र रहेर गरिएका गल्तीहरूको विरुद्धमा अदालत, अख्तियार, प्रहरी जस्ता संस्थाहरूमा उजुरी दिन सकिन्छ र त्यसमाथि ती निकायहरूले काम गरिहाल्छन् भन्ने मान्यता रहेको हुन्छ। तर त्यो असन्तुष्टि एक्लाएक्लै प्रकट भने हुन सक्दैन। त्यो असन्तुष्टि मनभित्र थुप्रिँदै थुप्रिँदै जान्छ। तर जब सरकारले अलोकतान्त्रिक निर्णयहरू गरेर नागरिकका हक अधिकारहरूमाथि हमला गर्न थाल्छ तब जागरूक मानिसहरू मनमा रहेको डर त्यागेर बचाउमा सडकमा ओर्लिन्छन् र ती थुप्रिएर बसेका असन्तुष्टिहरू पनि त्यसैमा मिसिन्छन् र त्यसले विद्रोहको रूप लिन्छ। जेनजी आन्दोलनको उत्पत्ति पनि सरकारको यस्तै एउटा अलोकतान्त्रिक कदमबाट भएको थियो। जेनजीहरूको जीवनको अभिन्न अंग, लाइफलाइन बनेको सामाजिक सञ्जालमाथि सरकारले प्रतिबन्ध लगाउने निर्णय गरेपछि युवाहरू सडकमा उत्रिए।

३० वर्षदेखि चलिरहेको भ्रष्टाचार, घूसखोरी, अनियमितता, नातावाद र कृपावादजस्ता क्रोनिक रोगहरूले सडकमा ल्याउन नसकेको युवाहरूलाई सरकारको एउटा अलोकतान्त्रिक कदमले सडकमा ल्याइदियो। यो घटनाले स्पष्ट रूपमा देखायो कि युवाहरूले लोकतन्त्रको महत्त्व राम्रोसँग बुझेका छन्। लोकतन्त्र नहुँदा रोजगारी कसरी खोसिन्छ, नागरिक अधिकार कसरी कुण्ठित हुन्छ, वाक्स्वतन्त्रता कसरी दबाइन्छ भन्ने कुरा उनीहरूले गहिराइसम्म बुझेका छन्। त्यसैले उनीहरूले लोकतन्त्र बचाउन सडकमा उत्रिए। यो कदम ऐतिहासिक थियो, किनभने यसले लोकतन्त्रको मूल्य र महत्त्वलाई नयाँ पुस्ताले कसरी बुझेको छ भन्ने प्रमाणित गर्‍यो। यो कुरा राजनीतिक दलहरूले बुझ्न बाँकी नै छ, जुन दुःखद् हो।

यसलाई दुर्भाग्य नै भन्नुपर्छ, केही ठुला भनिएकाहरूले यो ऐतिहासिक परिघटनालाई जानाजानी होइन अथवा अनजानमा हो, २४ भदौको घटनासँग लगेर जोडेर यसको अवमूल्यन गर्न खोजिरहेका छन्। २३ भदौको आन्दोलनको पवित्र उद्देश्य लोकतन्त्रको रक्षा थियो। तर २४ गते जे भयो, त्यो राजनीतिक पोखरीलाई धमिलो बनाएर आफ्नो स्वार्थ पूरा गर्ने मौका खोजेर बसिरहेका अदृश्य तत्त्वहरूको खेल थियो। यो घटनाले सत्ता त पल्टाइदियो तर आन्दोलनको मूल चरित्रलाई भने बदनाम र विकृत बनायो। यसलाई २३ गतेको आन्दोलनसँग जोडेर हेर्नु भनेको युवाहरूको लोकतन्त्रप्रतिको प्रतिबद्धतालाई कमजोर बनाउने प्रयास हो। यो दुर्भाग्यपूर्ण छ।

जेनजी आन्दोलनले अर्को महत्त्वपूर्ण पाठ यो पनि सिकायो कि राजनीतिक अस्थिरता कायम रहिरहँदा बाह्य हस्तक्षेप मात्र होइन, आन्तरिक शक्तिहरूले पनि व्यापक असुरक्षा निम्त्याउन सक्छन्। यस्तो अवस्थामा परिणाम जे पनि हुन सक्छ। २३ गतेको आन्दोलनले २४ गते जुन रूप लियो र आज हामीले जुन अस्थिरता भोगिरहेका छौँ त्यो यसैको प्रत्यक्ष नतिजा हो। राजनीतिक अस्थिरताले देशलाई कमजोर बनाउँछ र विभिन्न शक्तिहरूको खेल मैदान बन्ने वातावरण बन्नसक्छ भनेर पनि शिक्षा लिनुपर्छ।

हामी कसरी किंकर्तव्यविमूढ छौँ भन्ने कुरा नेपाली राजनीतिक दलहरूको वर्तमान अवस्थाबाट स्पष्ट हुन्छ। नेपाली कांग्रेस दुई प्रमुख खेमामा विभाजित छ। एउटा खेमा पार्टीभित्र नयाँ नेतृत्व स्थापित गर्न र परिवर्तन ल्याउन चाहन्छ भने अर्को खेमा पुरानै नेतृत्वको पक्षमा उभिएको छ। एमाले पनि आन्तरिक द्वन्द्वबाट गुज्रिरहेको छ। रास्वपा (राष्ट्रिय स्वतन्त्र पार्टी) भित्र पनि विभिन्न उपखेमा र अस्पष्टता धेरै देखिन्छ। नेकपाको खेमामा पनि ठुलो छटपटी र अस्पष्टता देखिएको छ। राष्ट्रिय स्तरमा प्रभावशाली दलहरू यिनै हुन्। साना क्षेत्रीय दलहरू पनि छन् तर तिनलाई राजनीतिक खेलमा जगेडा खेलाडीको रूपमा मात्र हेरिन्छ।

नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी हो। २०१२ सालमा बिपी कोइरालाले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादको अवधारणाले यसलाई विशेष पहिचान दिएको थियो। तर व्यवहारमा भने कांग्रेस प्रजातान्त्रिक समाजवादी पार्टी बन्न सकेन। यो नाम मात्रको प्रजातान्त्रिक समाजवादी दल हो। तर अहिले नयाँ पुस्ताका नेताहरूले पार्टीको दस्तावेजबाट यो 'प्रजातान्त्रिक समाजवाद' भन्ने शब्द हटाउने प्रयास गरिरहेका छन्। यो कांग्रेसको आन्तरिक सैद्धान्तिक बहसको विषय हो, तथापि यदि यस्तो हन गयो भने आगामी दिनमा कांग्रेसले थप (अनुदारवादी) नीति अँगाल्ने छ। यो नयाँ अनुदारवादी कांग्रेस बढी जनविरोधी, पश्चिममुखी र लोकतान्त्रिक सुदृढीकरणमा बाधक बन्न सक्छ। लोकतन्त्रवादी र समाजवादी शक्तिहरूका लागि यो चिन्ताको विषय हो।



एमालेको अवस्था झन् चिन्ताजनक छ। जेनजी आन्दोलनको क्रममा २३ गते युवाहरूमाथि भएको व्यवहारको दोष एमालेको टाउकोमा गएको छ। यसले जनतामा एमालेप्रति गहिरो आक्रोश पैदा गराएको छ। एमालेले यो स्वीकार नगरे पनि वास्तविकता यही नै हो। साथै, पार्टी महाधिवेशनमा ओलीले आफ्ना सहयोद्धा प्रतिद्वन्द्वीहरूलाई जसरी सफाया गर्न सफल भए र यो चुनावमा समेत तिनीहरूलाई किनाराकृत गर्ने मकसद राखेका छन्, त्यसबाट के बुझ्न सकिन्छ भने भविष्यको एमाले झन् बढी निरंकुश बन्ने बाटोमा जान सक्छ जुन एमाले आफैँको निम्ति राम्रो हुने छैन। एमालेको संस्थापन जनताको आक्रोश र आफैँले किनाराकृत गरेका सहयोद्धाहरूको दोहोरो मार बोकेर चुनावमा जानुपर्ने जुन अवस्था बनेको छ त्यो एमालेको हितको प्रतिकूल छ।

नेकपा (नेकपा) को अवस्था तुलनात्मक रूपमा कम चिन्ताजनक देखिन्छ तर केन्द्रीय नेतृत्वको जित सुनिश्चित छैन। जेनजीको आडमा उत्पन्न गराइएको अवस्थालाई सबैभन्दा पहिले र अगाडि आएर सम्हाल्ने काम गरेर देशलाई अकल्पनीय बाटोमा जानबाट रोक्ने काम गर्ने नेता प्रचण्ड हुन्, उनलाई यसको श्रेय दिनुपर्छ। आज देश तुलनात्मक रूपले ठिकै भन्न सकिने जुन ठाउँमा उभिएको छ त्यस ठाउँमा ल्याउनलाई उनैको सक्रियताले भूमिका खेलेको हो। आजको दिनमा सबैभन्दा बढी सक्रिय नेता कोही छन् भने उनै छन्। आफ्नो पार्टीलाई बलियो बनाउन उनी वामपन्थी शिला खोज्दै देश दौडाहामा रहेका छन्। तैपनि उनी स्वयंको अवस्था के हुने हो आउने चुनावमा भन्ने तस्बिर धुमिल छ। यसले गर्दा उनको पार्टीभित्र पनि ठुलो संशय छ। ठुलो पार्टी बनेको जतिसुकै दाबी गरे तापनि धरातल फरक छ। के गर्ने भन्ने छटपटीले नेकपा पनि निदाउन नसकिरहेको अवस्था छ।

रास्वपा सामाजिक सञ्जालमा जति ठुलो देखिन्छ वास्तविक जमिनमा यसको प्रभाव सीमित छ। यो नयाँ पार्टी हो तर सासूले मन नपराएकी बुहारीजस्तो छ यसको हालत। अहिलेको सरकारको पछाडिको बल रास्वपा नै हो। रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङजस्ता व्यक्तित्वहरू एमाले कांग्रेस वा नेकपा जस्तो एउटै घाटको पानी खाएर हुर्केका मानिसहरू होइनन्। राजनीतिक स्वार्थ मिलेकोले एक ठाउँमा रहेका छन्। यस्तो स्वार्थमा आधारित सम्बन्ध दिगो रहन सक्दैन भन्ने कुरा त कुलमानको बहिर्गमनले देखाइ नै सक्यो। तर यसलाई कन्नो पछाडिबाट ठुलो बल भने प्राप्त छ र यिनीहरूलाई एकठाउँमा राखिराख्न यही बलले काम गरिरहेको छ।

रवि लामिछाने जसरी जेलबाट जमानतमा बाहिर आए, ठिक त्यसैगरी नै कुनै तरिकाद्वारा सफाइ पाउने छन् र बाहिरै रहनेछन् भनेर अनुमान लगाउन कठिन छैन। उनी बाहिर आउने बित्तिकै बालेनको प्रधानमन्त्रीको पद सम्झौताको पत्रबाट बाहिर आउन सक्नेछैन। उनी पनि भित्ते प्रधानमन्त्री जस्तै सम्झौते प्रधानमन्त्रीमा सीमित रहनेवाला छन्। रास्वपाभित्र पनि भुंग्रो दन्किरहेको अवस्था छ। यसरी हेर्दा देश अस्थिर अवस्थामा उभिएको देख्न सकिन्छ। कुनै पनि राजनीतिक दलहरू यही नै ठिक हो भनेर भन्न सक्ने अवस्थामा देखिँदैनन्। जनता पनि नयाँ ठिक हुन् कि पुरानै भनेर ढुक्कसँग भन्न सक्ने अवस्थामा देखिन्नन्।

निष्कर्षमा, जेनजी आन्दोलनको परिणाम भने पनि, अदृश्य शक्तिको खेलको कारण भने पनि वा अरू जेसुकै भने पनि आज देश जुन अवस्थामा खडा छ यो अवस्थालाई स्वीकारेर अघि बढ्नुपर्छ। यो सरकारलाई स्पष्ट जिम्मेवारी तोकिएको छ। त्यो हो, तोकिएको मितिमा निष्पक्ष तरिकाले संघको चुनाव सम्पन्न गराउने र दलको नेतृत्वमा बन्ने नयाँ सरकारलाई सत्ता हस्तान्तरण गरेर बहिर्गमन हुनु। मौसम, पर्व आदिका कारण एकैदिन चुनाव सम्भव नभए २-३ चरणमा गर्नुपर्छ। लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र हो। चुनावको विकल्प अर्को चुनाव हो।

एकैपटक सम्भव नभए बहुचरणीय भए पनि चुनाव गर्नुपर्छ। चुनावबाट लोकतन्त्र बलियो हुन्छ। बलियो लोकतन्त्रबाट बाह्य र आन्तरिक चुनौती सामना गर्न सकिन्छ। लोकतन्त्रको मजबुती नै शान्ति, स्थिरता र दिगो विकासको आधार हो। हामी सबै एकजुट भएर चुनाव सफल बनाउन निडरतापूर्वक लाग्नुपर्छ। यो नै देशलाई लोकतन्त्रको बाटोमा फर्काउने विकल्प हो, अरू कुनै विकल्प देशसित छैन।

## मत–विमत

# भक्तपुरमा दलीय ज्यादती



अनुषा थापा
भक्तपुर

भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ बाट निरन्तर नेपाल मजदूर किसान पार्टीले निर्वाचन जितिरहेको छ। पार्टी अध्यक्ष नारायणमान बिजुक्छेंले २०४८, २०५१, २०५६, २०६४ र २०७० मा निर्वाचन जिते। २०७४ र २०७९ को निर्वाचनमा उनकै पार्टीका प्रेम सुवाल निर्वाचित भए।

रोचक प्रसंग के भने, नेमकिपाका सांसदले कुनै पनि राजनीतिक दलको नेतालाई प्रधानमन्त्रीमा समर्थन गरेनन्। संसद्मा विधेयक आउँदा नेमकिपा सधैँ विपक्षमा उभिन्थ्यो। २०४८ सालदेखि हालसम्म यही प्रवृत्ति दोहोरिरहेको छ।

भक्तपुर उपत्यकाभित्रको एउटा जिल्ला हो। भक्तपुरका कतिपय स्थानीय अहिले पनि राम्ररी नेपाली भाषा बोल्न जान्दैनन्। भक्तपुर ऐतिहासिक सहर भए पनि खासै विकास भएको छैन। भक्तपुरबासीको प्रमुख पेसा कृषि हो। तर, अहिले यहाँ पनि खेत देखिन छोडिसकेको छ। काठमाडौँ उपत्यका विकास प्राधिकरणबाट स्वीकृति नै नलिइकन खेतीयोग्य जमिन प्लानिङ गरिएको छ।

खेतीयोग्य जमिनमा धमाधम इँटाभट्टा राख्न दिइएको छ। भक्तपुरमा लाखौँ रोपनी राजपरिवार, हदबन्दीभन्दा बढी, ऐलानी, गुठी, सरकारी, सार्वजनिक जग्गा थियो। यी सबै व्यक्तिको नाममा गइसकेको छ। यहाँ भएको ढुंगेधारा, तालपोखरी, आल, कुवा, मठमन्दिरको जग्गा मासिइसकेको छ।

आर्यघाटको जमिन कब्जा गरेर कतिपयले घर ठड्याएका छन्। सल्लाघारी चौरअगाडि ३ वटा ढुंगेधारा पुरेर नेमकिपाका एक नेताले ठुलो घर बनाएको स्थानीय बताउँछन्। सल्लाघारीको आर्मी ब्यारेक दायाँबायाँ, सिर्जनानगर, चंगा गणेश, हनुमन्ते खोला वरपरको सैयौँ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको छ।

सल्लाघारी चौरको खाली जग्गा अहिले नेपाल ट्रस्टको नाममा छ। त्यो जग्गा पहिले राजाको थियो। राजपरिवारले २०२४ सालमा प्रतिरोपनी १ हजार रुपैयाँमा १०८ रोपनी २ आना १ दाम जग्गा खरिद गरेको थियो। त्यो जमीनको पनि अतिक्रमण भएर ठुल्ठुला घर बनेका छन्। अहिले बढीमा ६० देखि ६५ रोपनी जग्गा बाँकी छ। बाँकी भएको जमिन नगरपालिकाले संरक्षणको नाममा पर्खालले घेरेर राखेको छ। स्थानीयका अनुसार राजपरिवारको जग्गा कब्जा गर्ने राजनीतिक दलकै कार्यकर्ता हुन्।

भक्तपुरमा दर्ता नगरिकनै व्यवसाय सञ्चालन भइरहेको अवस्था छ। १ आना जग्गामा बनेको घरलाईसमेत नगरपालिकाले सम्पूर्णताको प्रमाणपत्र दिन्छ।

नगरपालिकामा कार्यरत सबै कर्मचारी नेमकिपाका कार्यकर्ता हुन्। सडक बढार्नेदेखि करारका कर्मचारी आफ्नो कार्यकर्ता भर्ती गरिएको छ। कसैले नेमकिपाको विरोधमा बोल्यो या भोट दिएन भने नागरिकताको सिफारिससमेत रोकिन्छ।

आफैँ कानुनको उल्लंघन गरिरहेका नेताहरु भ्रष्टाचारीलाई टुँडिखेलमा लगेर झुन्ड्याउनुपर्ने बताउँछन्। आफ्नो हकमा के भन्छन् ? सरकारी सम्पत्ति देख्नै नहुनेले भ्रष्टाचारविरोधी कुरा गर्न सुहाउँदैन। भ्रष्टाचारविरोधी कुरा गरेर उनीहरू आफू जोगिन खोजिरहेका छन्।

उनीहरूले जनताको आँखामा पट्टी बाँधेर राज्यको सम्पत्ति लुटिरहेका छन्। अख्तियार र सम्पत्ति शुद्धीकरणले यहाँका नेताहरुको सम्पत्ति छानबिन गर्न ढिलाइ भइसकेको छ। उनीहरु सार्वजनिक सम्पत्ति खाएर यिनीहरू रजाइँ गरिरहेका छन्।

कहाँ कहाँ यिनीहरूको लगानी छ ? खोजौँ। यिनीहरूले अस्पताल, होटल, स्कुललगायतमा सम्पत्ति लगानी गरेका छन्। भक्तपुर विकास गर्ने नाममा यिनीहरूले सिध्याए। अहिले भक्तपुरबासीहरू विस्थापित हुँदै गएका छन्। २०४६ सालअघि ३० देखि ५० रोपनी जग्गा भएकाहरू अहिले विस्थापन भइसकेका छन्।

यहाँका दलहरुको दादागिरीविरुद्ध कोही पनि बोल्न सक्दैन। २०७९ वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा बुबाले राप्रपालाई भोट दिएकै कारण वडा-१ का वडाध्यक्ष श्याम खत्रीले छोरीको नागरिकता सिफारिस रोकिदिए। त्यसपछि पीडित गृहमन्त्री रवि लामिछानेकहाँ पुगे। रविले सिडियोलाई निर्देशन दिएपछि अनि बल्ल नागरिकता बनेको हो।

# देउवाको पदलोलुपता र गगनको महत्त्वकांक्षाले कांग्रेस संकटग्रस्त

नेपाली कांग्रेसको एउटा पक्ष यतिबेला विशेष महाधिबेशनमा जुटिरहेको छ। २७ र २८ पुसदेखि सुरु भएको यो कार्यक्रम थप २ दिन लम्बिने संकेत देखिएको छ। किनकि यो पक्षको विशेष महाधिवेशनले १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमिति विघटन गरिसकेको छ। यति मात्रै होइन, नयाँ कार्यसमिति निर्वाचनका लागि कार्यक्रम अघि बढाइसकेको समाचार आएको छ।

यो गतिविधि हेर्दा नेपाली कांग्रेस फुटको संघारमा पुगिसकेको छ। यद्यपि दुवै पक्षमा नेताहरू सहमतिद्वारा विवाद टुंग्याउने प्रयासमा वार्तारत भएको समाचार आइरहेका छन्। यदि वार्तामा कुरा मिलेन भने विशेष महाधिवेशनको पक्षधरहरूले नयाँ कार्यसमिति घोषणा गर्नेछन्।

मुलुकको लोकतन्त्रको संस्थागत विकासका लागि नेपाली कांग्रेसको विभाजन कुनै हालतमा पनि प्रियकर छैन। तर, नेपाली कांग्रेस त्यो बाटोतर्फ अघि बढिसकेको देखिन्छ। हुन त मूलक आमनिर्वाचनमा होमिइसकेकोले निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्मका लागि नयाँ दल दर्ता हुने ढोका बन्द छ। त्यसैले आगामी निर्वाचनमा नेपाली कांग्रेस एउटै पार्टीका रूपमा होमिने छ, तर मतदाताको मन भने विभाजित भइसकेको छ।

निर्वाचन आयोगले एउटा पक्षबाट भएको विशेष महाधिवेशनलाई मान्यता दिन्छ वा दिँदैन, यदि दिइहाल्यो भने आमनिर्वाचनको उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म दिन भ्याउँछ वा भ्याउँदैन ? तमाम प्रश्न खडा छन्। वर्तमान कार्यसमितिले नै उम्मेदवार तय गर्ने अवस्थामा विशेष महाधिवेशन पक्षधरले चुनावमा भाग लिन्छन् वा लिँदैनन् ? भन्ने प्रश्न पनि पेचिलो छ। त्यसो त निर्वाचन आयोगले समयमै विशेष महाधिवेशन पक्षधरलाई मान्यता दियो भने विपक्षी पक्षले चुनावमा भाग लिन्छन् कि, लिँदैनन् ? भन्ने प्रश्न पनि त्यतिकै पेचिलो छ। यसैगरी नेपाली कांग्रेसको यो विवाद निरुपणमा निर्वाचन आयोगको जनशक्ति खटिँदा आमनिर्वाचनको तयारीमा डिस्ट्र्भ हुने समस्या पनि त्यतिकै छ। त्यसैले अहिले उत्पन्न विवाद भनेको नेपाली कांग्रेसका लागि निकै ठुलो दशा हो।

यो दशा उत्पन्न हुनुमा सभापति शेरबहादुर देउवाको हठ तथा महामन्त्री गगन थापाको चरम महत्त्वकांक्षाले काम गरेको छ। वास्तवमा नेपाली कांग्रेसबाट सबैभन्दा धेरै अवशर प्राप्त गर्नेहरूमध्ये देउवा र थापा अग्रणी छन्। तर यी दुवैलाई अहिलेसम्म खाइपाई आएको अवशरले पुगेको देखिन्न। जबसम्म देउवा र गगन थापा किनारामा लाग्दैनन् तबसम्म नेपाली कांग्रेसको समस्याले निरन्तरता पाउने निश्चित देखिन्छ।

भूपाल बस्नेत
दोलखा

## पुस ३० गतेको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | अचानक कष्ट। | मिथुन | आनन्द। | सिंह | अबरोध। |
| वृष | सुख। | कर्कट | हानि। | कन्या | प्रसन्न। |
| तुला | पीडा। | धनु | हानि। | कुम्भ | परिश्रम। |
| वृश्चिक | आनन्द। | मकर | बृद्धि। | मीन | विवाद। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# INTEREST RATE

Effective from January 15, 2026

## DEPOSITS

| Saving Deposit (NPR) | Interest Rate (% p.a.) |
|---|---|
| Siddhartha Sajilo Bachat Khata | 2.76 |
| Siddhartha Peacekeeping Savings | 2.76 |
| Siddhartha Life Secure Savings Account | 2.76 |
| Siddhartha Gen-Z Saving | 2.76 |
| Siddhartha Jeevan Surakshya Bachat Khata | 2.76 |
| Siddhartha Platinum Saving | 2.76 |
| Siddhartha Super Salary | 2.76 |
| Siddhartha Mero Share Khata | 2.76 |
| Siddhartha Jestha Nagarik Bachat | 2.76 |
| Siddhartha Bachat Account | 2.76 |
| Siddhartha Nari Bachat | 2.76 |
| Branchless Banking Account | 2.76 |
| Siddhartha Bal Bachat Khata | 2.76 |
| Siddhartha Social Security Saving | 2.76 |
| Siddhartha Investors Savings Account | 2.76 |
| Siddhartha Pay and Save Account (Parents) | 2.76 |
| Siddhartha Pay and Save Account (Child) | 3.25 |
| Siddhartha Remit Account | 3.25 |
| Siddhartha Platinum Plus Saving Account | 3.50 |
| Siddhartha Priority Saving Account | 3.50 |
| Siddhartha Professional Account | 3.50 |
| Siddhartha Horizon Platinum Saving | 3.50 |
| Siddhartha Smart Salary Account | 3.50 |
| SBL Premium Remit Saving Account | 4.50 |

| Call Deposit (NPR) | up to 1.00 |
|---|---|

| Fixed Deposit | Interest Rate (% p.a.) |
|---|---|
| **Individuals** | |
| 3 months to below 1 year | 3.00 |
| 1 year to 2 years | 3.50 |
| Above 2 years | 4.55 |
| **Remittance** | |
| 3 months to below 1 year | 4.00 |
| 1 year to 2 years | 4.50 |
| Above 2 years | 5.55 |
| **Institutions** | |
| 1 year to below 2 years | 2.75 |
| 2 years to 5 years | 3.00 |
| Above 5 years | 3.75 |

**Interest Rate of Foreign Currency Deposit (% p.a.)**

| Currency | Saving Deposit | Fixed Deposit (Individual/Institutional) | | Call Deposit |
|---|---|---|---|---|
| | | Up to 1 year | More than 1 year | |
| USD | 2.50 | 3.25 | 2.75 | up to 50% of lowest saving deposit interest rate of respective currency |
| EUR | 1.00 | 1.25 | 1.00 | |
| GBP | 2.00 | 3.00 | 2.00 | |
| AUD | 1.25 | 2.00 | 1.25 | |
| CAD | 1.00 | 1.50 | 1.25 | |
| JPY | 0.25 | 0.40 | 0.40 | |
| CNY | 0.50 | 1.00 | 0.50 | |
| For Other Currencies | Negotiable | | | |

- FCY Deposit for NRN & Remittance Customers +1 % additional.
- Other terms & conditions of the deposit products remain unchanged.
- Minimum tenor for FCY Individual Fixed Deposit is 3 months and Institutional Fixed Deposit is 6 months.

## LOANS AND ADVANCES

| Description | Interest Rate (% p.a.) | |
|---|---|---|
| **Fluctuating Working Capital (CC/OD/Short Term Loan/Import Loan/Working Capital Loan)** | | |
| Large Corporate | Base Rate | + up to 2.25% |
| Corporate | Base Rate | + up to 2.25% |
| SME | Base Rate | + up to 2.50% |
| Micro | Base Rate | + up to 3.25% |
| Agriculture | - | - |
| Large Corporate | Base Rate | + up to 2.25% |
| Corporate | Base Rate | + up to 2.25% |
| SME | Base Rate | + up to 2.50% |
| Micro | Base Rate | + up to 3.25% |
| **Working Capital - Term Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.25% |
| Agriculture | - | - |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.25% |
| **Sustainable Fluctuating Working Capital Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.00% |
| Corporate | Base Rate | + up to 2.00% |
| **Fixed Term Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.25% |
| Energy | Base Rate | + up to 2.50% |
| **Bridge Gap Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.50% |
| **Home Loan** | Base Rate | + up to 3.00% |
| **Auto Loan** | Base Rate | + up to 3.00% |
| **Commercial Vehicle Loan** | Base Rate | + up to 3.25% |
| **Professional Loan** | Base Rate | + up to 3.25% |
| **Education Loan** | Base Rate | + up to 3.25% |
| **Mortgage Loan** | | |
| Overdraft | Base Rate | + up to 3.25% |
| Term Loan/Short Term Loan | Base Rate | + up to 3.25% |
| **Export Finance** | | |
| Against USD LC | Base Rate | + up to 2.75% |
| Against NPR & other currency LC | Base Rate | + up to 2.75% |
| Against USD export documents | Base Rate | + up to 2.75% |
| Against NPR & other currency export documents | Base Rate | + up to 2.75% |
| **Loan Secured by :** | | |
| Fixed Deposit | | Coupon rate + up to 2.00% or Base Rate + up to 2.00% whichever is higher |
| Foreign Currency Deposits at SBL | Base Rate | + up to 2.75% |
| Government Bonds | | Coupon rate + up to 2.00% or Base Rate + up to 2.00% whichever is higher |
| Bank Guarantees issued by Foreign Banks | Base Rate | + up to 3.25% |
| Loan against Shares | Base Rate | + up to 3.00% |
| **FCY Loan Denominated in USD** | | Benchmark interest plus mutually agreed premium |
| **Consortium Loan (Fixed & floating interest rate)** | | As per consortium decision |
| **Deprived Sector Lending:** | | |
| Indirect Lending (eligible to qualify under DSL) | Base Rate | + up to 2.00% |
| Direct Lending | Base Rate | + up to 3.50% |
| Others | Base Rate | + up to 3.50% |
| **Loan up to Rs 2 crore (as prescribed by NRB)** | Base Rate | + 2.00% |

## FIXED INTEREST RATE (% p.a.) FOR INDIVIDUAL TERM LOANS

| Types of Loan | Up to 5 years | Above 5 years to up to 10 years | Above 10 years |
|---|---|---|---|
| Home Loan | 7.99 | 8.49 | 9.00 |
| Mortgage Loan | 9.75 | 10.25 | 10.25 |
| Professional Loan | 9.75 | | |
| Education Loan | 9.25 | 9.75 | 9.75 |
| Hire Purchase Loan | **Up to 5 Years** | **Above 5 years** | |
| | 9.75 | 10.25 | |
| Auto Loan | **Up to 5 Years** | **Above 5 years** | |
| | 9.25 | 9.75 | |
| Siddhartha Hamro Ghar Karja | 7.75% p.a. and 7.49% p.a. for women (Fixed for 7 years) | | |
| Electric Vehicle | 8.50% p.a. and 8.25% p.a. for women | | |

## FIXED INTEREST RATE (% p.a.) FOR OTHER THAN INDIVIDUAL TERM LOANS

| Up to 5 years | Above 5 years to up to 10 years | 10 to 15 years |
|---|---|---|
| 8.00 to 8.50 | 8.75 to 8.99 | 9.00 to 9.25 |

| | |
|---|---|
| **Average Base Rate of Preceding 3 months** | **5.78%** |
| **Mangsir 2082 Base Rate** | **5.70%** |
| **Mangsir 2082 Interest Spread Rate** | **3.90%** |

**Note:**
1. The effective applicable interest rates on loan is subject to change with effect from the first day of each month as per Nepali Calendar; triggered by change in Average Base Rate of preceding 3 months.
2. In case of loans eligible under interest subsidy, premium rates shall be applicable as per the circulars issued by NRB.
3. In case of loans where fixed premium prescribed by NRB, such premium shall apply.
4. Penal Interest 2% per annum.
5. Fixed Interest Rates for individual term loan shall be reviewed periodically as permitted by NRB.
6. Interest rate applicable to similar nature of loans shall be determined in line with NRB directive.

**Siddhartha Bank**

**Head Office:** Naxal, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-5970720 / 5970020
**SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np
**Web:** www.siddharthabank.com

# बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेसीशहर, लमजुङ
### गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशन मितिः २०८२।०९।२९ गते)**

उपरोक्त सम्बन्धमा यस बेसीशहर नगरपालिकाको कार्यालयबाट मिति २०८२।०८।११ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम (E–Bidding) मार्फत पेश हुन आएका सबै बोलपत्रहरुको मुल्याङ्कन गर्दा रितपूर्वक देखिएका बोलपत्रदाताहरुको बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्तावहरुको परिक्षण समेतका आधारमा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिका लागि आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. बाहेक) |
|---|---|---|---|
| १ | BM/G/NCB/082/083/02 | रिमाल इन्टरप्राइजेज, पुरानो बानेश्वर, काठमाडौं | रु. ५३,९९,०००/- (अक्षरुपी त्रिपन्न लाख उनान्सय हजार मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# Urlabari Municipality
## Office of Municipal Executive
### Urlabari, Morang
### Koshi Province, Nepal

## Invitation of Electronic Bids

**Date of Publication: 2082/09/30 (14th of January 2026)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-BlacktopRoad-Ward2-W-NCB-21-082/83 | " Wada karyalaya aahuna bato kalopatra & Sunpakuwa ma.vi. dekhe Betani simsar tatha Dumre jana bato kalopatra , ward 2" | 44,36,428.00 /- | 1,00,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Madhesh Province Government
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate

# Infrastructure Development Office
**Birgunj, Parsa**

## NOTICE OF INVITATION FOR ELECTRONIC BID

**First Date of Publication: 14th January 2026**

1. Infrastructure Development Office, Parsa invites electronic bids from eligible Nepalese bidders for the following works:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (With VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | IDO/PARSA/ WORKS/ NCB/01/2082-083 | Construction of Shree Ne. Ra. Aa. School Building at Apauni Birgunj-20, Parsa | 3,000.00 | 28,98,233.97 | 90 days | 65,000.00 / 120 days |
| 2 | IDO/PARSA/ WORKS/ NCB/02/2082-083 | Construction and Upgrading of Dalit Pra. Vi. School at Mahuwan, Sakhuwa Prasauni-5, Parsa | 3,000.00 | 24,13,593.02 | 90 days | 55,000.00 / 120 days |
| 3 | IDO/PARSA/ WORKS/ NCB/03/2082-083 | Construction of Nursing Campus FSU and Administrative Building at Birgunj, Parsa | 3,000.00 | 33,76,976.69 | 90 days | 75,000.00 / 120 days |
| 4 | IDO/PARSA/ WORKS/ NCB/04/2082-083 | Construction of Compound Wall of Administrative Building at Jagarnathpur-4, Parsa | 3,000.00 | 36,67,805.33 | 90 days | 85,000.00 / 120 days |
| 5 | IDO/PARSA/ WORKS/ NCB/05/2082-083 | Construction of Mahabir Temple and Incomplete Ward Office at Teliya Parsagadi-9, Parsa | 3,000.00 | 24,07,190.40 | 90 days | 55,000.00 / 120 days |
| | Deadline for Bid Submission: | | 13th February 2026 till 12:00 Noon | | | |
| | Date, Time and Place of Bid Opening: | | 13th February 2026 1:00 PM at Infrastructure Development Office, Parsa | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Infrastructure Development Office, Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
4. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

## PANCHKHAL MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
PANCHKHAL, KAVREPALANCHOK
BAGAMATI PROVINCE, NEPAL

## Invitation for Bids

**Date of publication: 2082/09/30**

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PMW2/NCB/WORKS/ 02/2082/083 | Various Road Upgrading Works at Ward No. 02 | 20,89,752.84/- | 55,000/- | 3,000/- |
| 2 | PMW2/NCB/WORKS/ 03/2082/83 | Khokbeshi Debisthan Road Upgrading | 90,71,865.86/- | 2,30,000/- | 3,000/- |
| 3 | PMW4/NCB/WORKS/ 01/2082/83 | Various Road Upgrading at Panchkhal 04me | 48,45,593.93/- | 1,25,000/- | 3,000/- |
| 4 | PMW6/NCB/WORKS/ 01/2082/83 | Various Road Upgrading Works at Ward No. 06 | 49,41,305.46/- | 1,25,000/- | 3,000/- |
| 5 | PMW6/NCB/WORKS/ 02/2082/83 | Dhunganabesi Dhotra Road Upgrading | 1,09,27,218.63/- | 2,75,000/- | 3,000/- |
| 6 | PMW11/NCB/WORKS/ 01/2082/83 | Various Road Upgrading Works Ward 11 | 77,46,599.81/- | 1,95,000/- | 3,000/- |
| 7 | PMW12/NCB/WORKS/ 02/2082/83 | Various Road Upgrading Works at Ward No. 12 | 23,38,566.28/- | 60,000/- | 3,000/- |
| 8 | PMW13/NCB/WORKS/ 01/2082/83 | Various Road Upgrading Works at Ward No. 13 | 98,82,409.32/- | 2,50,000/- | 3,000/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| **Office code** 30-365-15 **Rajashwa Shirshak no.** 11691 | Nepal Bank ltd., Panchkhal Branch<br>**For Bid Fee**<br>Account No.- 12403000001001000001<br>Account Name :- Panchkhal GA 1.1 AANTARIK RAJASWA KHATA<br>**For Bid Security**<br>Account No.- 12403000003000000001<br>Account Name :- GA3.1 PANCHKHAL NA.PA. DHARAUTI KHA | Panchkhal Municipality Office at 1:00 PM, 2082/10/21 | on or before 12:00 Noon on 2082/11/01 | 2082/11/01 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# गण्डकीमा चुनावी गतिविधि बढ्दै
## राजनीतिक दलहरूले बढाए सक्रियता, चुनावी सुरक्षा योजना बुन्दै सुरक्षा निकाय

■ **सौर्य समाचार**



पोखरा । प्रतिनिधिसभा सदस्य चुनाव आउन मात्र ५० दिन बाँकी छ । मतदानको दिन नजिकिएसँगै जिल्लाजिल्लामा चुनावी गतिविधि बढ्न थालेको छ । चुनावलाई लक्ष्य गरी राजनीतिक दलहरूले सक्रियता बढाएका छन् । निर्वाचन कार्यालयहरू उम्मेदवारको मनोनयन दर्तादेखि अन्य व्यवस्थापकीय तयारीमा जुटेका छन् । सुरक्षा निकाय चुनावी सुरक्षा योजना निर्माण र कार्यान्वयनमा केन्द्रित बनेको छ । प्रदेश निर्वाचन कार्यालय, पोखराका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले आगामी शुक्रबार सबै जिल्लामा निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने बताए । 'निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि निर्वाचनसम्बन्धी सबै काम त्यहीँबाट सम्पादन हुन्छ,' उनले भने, '६ माघमा हुने उम्मेदवारको मनोनयन दर्ताका लागि आवश्यक तयारी पूरा भइसकेको छ ।' मनोनयन दर्तापछि चुनावी गतिविधि थप तीव्र हुने उनको भनाइ छ ।

कास्कीकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले चुनाव केन्द्रित सुरक्षा योजना तयार भई कार्यान्वयनमा गइसकेको बताइन् । 'तीनै तहका सुरक्षा निकाय चुनावको शान्ति सुरक्षामा खटिएका छन्, नियमित गस्ती र सुरक्षा निगरानी बढाइएको छ,' उनले भने, 'मतदानस्थलको अनुगमन र संवेदनशीलता पहिचान गरिएको छ ।' मतदानस्थलसम्म मतदातालाई सहज रूपमा आवतजावत गर्ने व्यवस्थाका लागि बाटोघाटो मर्मतसुधारका लागि सम्बन्धित निकायलाई अनुरोध गरिएको प्रजिअ शर्माले बताइन् । आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनसँगै दुवै निर्वाचनलाई लक्ष्य गरी जिल्लाका सुरक्षा व्यवस्था चुस्त पारिएको उनको भनाइ छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्तिको प्रक्रिया पनि अगाडि बढेको प्रजिअ शर्माले बताइन् ।

कास्कीमा २ हजार ३०० निर्वाचन प्रहरी खटाइने भएको छ । निर्वाचन प्रहरी भर्नाका लागि आगामी १ माघभित्र दरखास्त माग गरिएको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले जनाएको छ । ५ देखि १० माघभित्र छनोट प्रक्रिया सकिने र १२ गते नतिजा प्रकाशन गरिने समितिले जनाएको छ । १५ देखि २४ माघसम्म निर्वाचन प्रहरीलाई प्रशिक्षण दिइने भएको छ । निर्वाचन प्रहरीको कार्यअवधि ४० दिन तोकिएको छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको उक्त समितिले निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्त गर्नेछ । निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक गतिविधि पनि बढेको छ । दलहरू चुनावलक्षित अभियान र कार्यक्रममा केन्द्रित बनेका छन् । नेकपा (एमाले) गण्डकी प्रदेशका अध्यक्ष नवराज शर्माले एमाले उम्मेदवार छनोट र मनोनयन दर्ताको तयारीमा जुटेको बताए । 'एमालेले जिल्लाबाट सिफारिस भएर आएका उम्मेदवारका सबै नामलाई प्रदेशबाट केन्द्रमा पठाइएको छ, मनोनयनको मिति नजिकिएकाले एमालेलगायत दलहरू उम्मदेवार छनोटमा केन्द्रित छ,' उनले भने, 'जिल्लाजिल्लामा निर्वाचनको माहोल बढेको देखिन्छ, दलहरूले राजनीतिक सक्रियता बढाएका छन्, उम्मेदवारका दाबेदार पनि टिकट ल्याउन प्रयासरत छन् ।' गण्डकी प्रदेशमा क्रियाशील अन्य राजनीतिक दलले पनि आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार सिफारिससँगै पार्टीका सांगठानिक गतिविधिलाई तीव्र पारेका छन् ।

# पठन संस्कृतिका लागि प्याब्सन र अक्सफोर्ड युनिभर्सिटी इन्डियाबीच सम्झौता

■ **सौर्य समाचार**

काठमाडौँ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) र अक्सफोर्ड युनिभर्सिटी प्रेस इन्डियाबीच नेपालमा पठन संस्कार र गुणस्तरीय प्रवर्द्धनका लागि समझदारी भएको छ । काठमाडौँमा मंगलबार आयोजित कार्यक्रममा प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारी र अक्सफोर्ड युनिभर्सिटी प्रेस, इन्डियाका प्रबन्ध निर्देशक सुकान्त दासबीच सम्झौतापत्रमा हस्ताक्षर आदानप्रदान भएको हो । सम्झौताअनुसार विश्वसनीय र लोकप्रिय कार्यक्रमको अंगका रूपमा ७० वटा पुस्तकको 'प्याक' नेपाली विद्यालयलाई सहुलियतमा उपलब्ध हुनेछ । साथै ती विद्यालयका शिक्षकका लागि अनलाइन तालिम कार्यक्रम पनि सञ्चालन हुनेछ । अक्सफोर्डले प्याब्सनको केन्द्रीय कार्यालयमा स्रोत तथा सिकाइ केन्द्र स्थापनमा सहयोग गर्नेछ ।

पठन संस्कृति बढाउन र विश्वस्तरको गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि सोच्ने क्षमता, सिर्जनशीलता, शैक्षिक विकास तथा आजीवन सिकाइका लागि सम्झौता भएकाले यसबाट ५ हजारभन्दा बढी निजी विद्यालय र त्यहाँका विद्यार्थीहरू लाभान्वित हुने अध्यक्ष अधिकारीले बताए । प्याब्सनका निवर्तमान अध्यक्ष डिके ढुंगानाले लामो समयको प्रयास र संवादपछि यस प्रकारको सहमति भएको बताए । अक्सफोर्डका प्रबन्धनिर्देशक दासले नेपालको शिक्षा क्षेत्रमा उल्लेखनीय सहभागिता र महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्ने विश्वास व्यक्त गरे ।

## Bandipur Rural Municipality
### Office of the Rural Municipal Executive
Bandipur, Tanahun
Gandaki Province, Nepal

## Letter of Intent

**(First Date of Publication: 2082/09/30)**

(I) Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the national daily newspaper on 4th Mangsir, 2082 that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S. N. | Contract ID No. | Name of Project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. With VAT and PS | Remarks |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS-RE/05/2082/083 | Belbhanjyang-Baniyatar Sadak | Lama Brothers Construction Pvt. Ltd., Kathmandu | 31,81,907.86/- | Works |
| 2 | BRM/NCB/WORKS-RE/08/2082/083 | Blacktop From Homestay Gate Ramkot | Belu Nirman Sewa, Vyas-2, Tanahun | 20,98,500.47/- | Works |
| 3 | BRM/NCB/ WORKS/10/2082/083 | Construction Of Thanimai Temple | Triune Engineering And Builders Pvt.Ltd, Suryabinayak - 8, Bhaktapur | 62,21,491.85/- | Works |
| 4 | BRM/NCB/ WORKS/11/2082/083 | Bhudatar Water Supply Project | Sisakoti Builders & Suppliers Pvt. Ltd.,Gorkha Municipality - 7,Gorkha | 28,33,110.82/- | Works |
| 5 | BRM/NCB/ WORKS/12/2082/083 | Bhujel Gaun Lifting Water Supply Project | Sisakoti Builders & Suppliers Pvt. Ltd.,Gorkha Municipality - 7,Gorkha | 61,66,382.37/- | Works |
| 6 | BRM/NCB/ WORKS/13/2082/083 | Chamunda Mandir Jirnodhar Marmat | Baniya Nirman Sewa, Bandipur - 3, Tanahun | 14,60,653.82/- | Works |

(II) Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the national daily newspaper on 5th Mangsir, 2082 that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S.N. | Contract ID No. | Name of Project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Non-VATable) | Remarks |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/GOODS-AAYURVED/01/2082/083 | Procurement and Supply of Aayurved Medicine | Janata Ayurved Bhawan, Butwal – 5, Rupandehi | 6,27,522.00/- | Goods |

(III) This is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the national daily newspaper on 4th Mangsir, 2082 that the following listed Highest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S.N. | Contract ID No. | Name of Project | Highest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. Without VAT and TDS | Remarks |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/IR-Bigyapan/2082/083 | Bandipur Gaunpalika ko aaphno chhetra bhitra bigyapan shulka sankalan sambandhi karyako bolpatra prastab | Akriti Advertising, Biratnagar-04, Morang | 7,75,000.00/- | Internal Revenue Tender |

**Chief Administrative Officer**

## जुटभन्दा फुटको...
### सहमतिका लागि म्याराथन वार्ता

सहमतिको विन्दु खोज्न सोमबार राति नै बनाइएका दुवै तर्फका वार्ता टोलीले मंगलबार दिनभर वार्ता जारी राखे । भृकुटीमण्डपमा विशेष महाधिवेशनले निर्वाचन प्रक्रिया अघि बढाइरहँदा वार्ता टोलीसँगै संस्थापन पक्षका शीर्ष नेताहरू भने सहमतिको विन्दु खोजिरहेका थिए । वार्तामा संस्थापन पक्षबाट रमेश लेखक र बालकृष्ण खाँण, विशेष महाधिवेशन पक्षधरबाट प्रदीप पौडेल, गुरुराज घिमिरे, देवराज चालिसे र मधु आचार्य तथा शेखर कोइराला समूहबाट जीवन परियार र मीनेन्द्र रिजाल सहभागी थिए । मंगलबार बिहादेखि पटक-पटक बसेका बैठक निष्कर्षविहीन बन्दै आएका हुन् । बिहान बालुवाटारमा पहिलो चरणको वार्तामा सहमति नजुटेपछि संस्थापन पक्षका वार्ताकारहरू लेखक र खाँणले सभापति शेरबहादुर देउवालाई भेटेर वार्ताबारे ब्रिफिङ गरे । देउवाको थप सन्देशसहित वार्तामा बसेको टोलीले पनि सहमति गर्न सकेन ।

वार्ताका क्रममा विशेष महाधिवेशन पक्षधरले सभापति देउवालाई पार्टीको कार्यकारी भूमिकाबाट अलग हुनुपर्ने कडा प्रस्ताव राखेका छन् । त्यसका लागि उनीहरूले विभिन्न सर्त राखेका छन् । देउवाले पार्टीको कार्यकारी भूमिकाबाट राजीनामाको घोषणा गर्नुपर्ने, प्रतिनिधिसभा उम्मेदवारको टिकट वितरणमा देउवाले हस्ताक्षर नगर्ने, देउवाले आगामी संसदीय चुनाव नलड्ने घोषणा गर्नुपर्ने, १५औँ महाधिवेशनसम्मका लागि अन्तरिम नेतृत्व चयन गर्नुपर्ने र जारी विशेष महाधिवेशन स्वीकार गर्दै हलले गर्ने निर्णयको अपनत्व लिनुपर्नेलगायत कडा प्रस्ताव विशेष पक्षधरका छन् ।

### निर्वाचन प्रक्रिया जारी, आज...

सभापतिमा उम्मेदवारीका लागि ३० हजार रुपैयाँ शुल्क तोकिएको छ । उपसभापति र महामन्त्रीका लागि २५ हजार र सहमहामन्त्री पदका लागि २० हजार रुपैयाँ शुल्क तोकिएको केन्द्रीय निर्वाचन समितिका संयोजक सीताराम केसीले जानकारी दिए । उनका अनुसार केन्द्रीय सदस्य पदका लागि १० हजार रुपैयाँ शुल्क तोकिएको छ । निर्वाचन समितिले पहिलो पटक जारी गरेको निर्वाचन कार्यतालिकामा मंगलबार राति ९ बजेदेखि बुधबार बिहान १ बजेसम्म मतदानको समय राखिएको थियो । तर, पछि कार्यतालिका संशोधन गर्दै आज (बुधबार) निर्वाचन हुने जनाइएको छ ।

### फलामको चिउरा...

प्रतिवेदनले नेपालमा सम्पत्ति शुद्धीकरण निवारण, आतंककारी कार्यमा हुने वित्तीय लगानी निवारण तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा हुने वित्तीय लगानी निवारणसम्बन्धी नीतिगत, संस्थागत र सञ्चालनगत प्रगतिको समग्र विवरण प्रस्तुत गरेको छ । प्रतिवेदनमा एसिया-प्रशान्त क्षेत्रीय समूहले गरेको पारस्परिक मूल्यांकन नेपाल उच्च निगरानीमा राखिएको क्षेत्राधिकारको सूचीमा परेपछि त्यसबाट बाहिरिन गरिएका समन्वयात्मक प्रयाससमेत समेटिएको छ ।

**माइग्रेशन प्रमाणपत्र हराएको सूचना**

राष्ट्रिय परीक्षा बोर्डद्वारा जारी गरिएको मेरो +२ माइग्रेशन प्रमाणपत्र मिति २०८२/०१/०७ गते बानेश्वरदेखि महाराजगञ्ज जाँदा हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम, थर : **देबोरा लिम्बु**
ठेगाना: भोक्राहा-१, सुनसरी
रजिस्ट्रेशन नं.: ८०१०६००६०००७
सिम्बोल नं.: २०६००७०३
सम्पर्क नं.: ९७००६१४२९८

# ओखरपौवा तीनपिप्ले खण्डमा उच्च क्षमताको प्रसारण लाइन बन्ने



■ सौर्य समाचार

काठमाडौँ । नेपाल विद्युत् प्राधिकरणले ओखरपौवा तीनपिप्ले खण्डमा उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ । कुल २२० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको तयारी गरेको छ । प्राधिकरणको स्वामित्वमा रहेको त्रिशूली-थ्री 'बी' हब मातातीर्थ प्रसारण लाइन आयोजनाको टावर नम्बर ३७ बाट ट्र्यापिङ गरी नयाँ प्रसारण लाइन निर्माण गर्न लागेको छ । सो प्रसारण लाइन काठमाडौँको तीनपिप्लेमा जोडिनेछ । तीनपिप्लेमा प्राधिकरणले सबस्टेसन निर्माण गरिरहेको छ । सो प्रसारण लाइन धादिङको धुनीबेँसी, नुवाकोटको ककनी र काठमाडौँको तारकेश्वरको तिनपिप्लेसम्म निर्माण हुने हुनेछ ।

सो प्रसारण लाइन र सबस्टेसन आयोजना कार्यान्वयन गर्दा आयोजना प्रभावित क्षेत्रको भौतिक तथा रासायनिक वातावरणीय, सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणमा क-कस्तो प्रभाव पर्दछ भनी अध्ययन गर्न लागिएको प्राधिकरणले जनाएको छ । प्रारम्भिक अध्ययन भइसकेको वातावरणीय परीक्षण प्रतिवेदनको मस्यौदाका आधारमा सरोकारवालाको आवश्यक सुझावका आधारमा थप समृद्ध बनाउन लागिएको हो ।

प्राधिकरणले मंगलबार धुनीबेँसी नगरपालिका-१ सिम्खडा गाउँमा सार्वजनिक सुनुवाइ गर्ने कार्यक्रम तय गरेको छ । सोमबार तारकेश्वर नगरपालिकाको कोट गाउँमा सार्वजनिक सुनुवाइ सम्पन्न गरिएको प्राधिकरणले जनाएको छ । सार्वजनिक सुनुवाइका क्रममा उठेका विषयवस्तुलाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश गरिने प्राधिकरणको प्रष्टोक्ति छ ।

# निःशुल्क सेयर माग्दै हाइड्रोविरुद्ध आन्दोलन

■ सौर्य समाचार

दार्चुला । अपिहिमाल गाउँपालिका-३, ४ र ५ मा निर्माण सम्पन्न भएको १० मेगावाट क्षमताको मकरीगाड हाइड्रोपावर कम्पनी लिमिटेडविरुद्ध स्थानीय बासिन्दा आन्दोलनमा उत्रिएका छन् । आयोजना प्रभावित क्षेत्रका नागरिकलाई सेयर दिनुपर्ने मागसहित स्थानीय आन्दोलित भएका हुन् । हाइड्रोपावर कम्पनीले सेयर जारी गर्ने तयारी गरिरहेको अवस्थामा स्थानीयले प्रत्यक्ष लाभ लिन नसक्ने अवस्था सिर्जना भएको आरोप लगाउँदै मकरीगाड सेयर वितरण संघर्ष समिति गठन गरी कम्पनीलाई ज्ञापनपत्र बुझाएका छन् ।

संघर्ष समितिका संयोजक देवेन्द्रसिंह रोकायाद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा आर्थिक रूपमा कमजोर तथा गरिब स्थानीय नागरिकलाई निःशुल्क सेयर उपलब्ध गराउनुपर्ने र आयोजना प्रभावित क्षेत्रका नागरिकलाई कम्तीमा ८० प्रतिशत सेयर सुनिश्चित गर्नुपर्ने माग गरिएको छ । ज्ञापनपत्रमा आयोजनाका कारण प्रभावित सडकमा पक्की पर्खाल र तटबन्ध निर्माण गर्नुपर्ने माग राखिएको छ । यस्तै प्रभावित क्षेत्रमा आवश्यक पूर्वाधार विकास, पानीका मुहान सुक्ने स्थानमा खानेपानी योजना निर्माण तथा विस्थापित पुराना घट्टको सट्टा नयाँ पानी घट्ट निर्माण गर्नुपर्ने मागमा उल्लेख छ । यसअघि मकरीगाडमा परम्परागत घट्ट थिए ।

त्यसैगरी, आयोजना प्रभावित क्षेत्रमा विद्यालय भवन निर्माण तथा आधारभूत स्वास्थ्य संस्थामा आवश्यक उपकरण उपलब्ध गराउन कम्पनीसँग माग गरिएको छ । मकरीगाड हाइड्रोपावरलाई बुझाइएको ज्ञापनपत्रमा उल्लिखित माग ३ दिनभित्र सम्बोधन नगरिए हाइड्रोपावर बन्द गर्ने चेतावनी पनि दिइएको छ । हाइड्रोपावरलाई ज्ञापनपत्र बुझाएको संघर्ष समितिले अपिहिमाल गाउँपालिकासँग पनि सेयर वितरण र आयोजनाका विषयमा आवश्यक समन्वय गर्न आग्रह गर्दै ज्ञापन बुझाएको छ । गाउँपालिका अध्यक्ष भक्तसिंह ठेकरे बोहरालाई ज्ञापन बुझाउँदै स्थानीयले पाउने सेवा-सुविधाका विषयमा प्रभावकारी भूमिका निर्वाह गर्न माग गरिएको छ ।

# ग्लोबल आइएमई बैंकद्वारा सातै प्रदेशमा रक्तदान

काठमाडौँ । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १९औँ वार्षिकोत्सवको अवसरमा सातै प्रदेशमा एकैसाथ बृहत् रक्तदान कार्यक्रमको आयोजना गरेको छ । बैंकले स्थापनाको १९औँ वार्षिकोत्सवका अवसरमा घोषणा गरेका १९ वटा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूअन्तर्गत बृहत् रक्तदान कार्यक्रम आयोजना गरिएको हो । ग्लोबल आइएमई बैंक १८ पुस शुक्रबारदेखि स्थापनाको १९ वर्ष पूरा गरी २०औँ वर्षमा प्रवेश गरेको छ । यही अवसरमा बैंकले मुलुकका ७ वटै प्रदेशमा एकैसाथ रक्तदान कार्यक्रम आयोजना गरेको हो । यस कार्यक्रमअन्तर्गत, कोसी प्रदेशको तीनपैनी शाखा, मधेस प्रदेशको बर्दिवास शाखा, बागमती प्रदेशको कान्तिपथ शाखा र नारायणगढ शाखा, गण्डकी प्रदेशको पोखरा न्युरोड शाखा, लुम्बिनी प्रदेशको चौराहा बुटवल शाखा र नेपालगन्ज शाखा, कर्णाली प्रदेशको सुर्खेत शाखा र सुदूरपश्चिम प्रदेशको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो ।

ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल र नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आयोजित उक्त कार्यक्रममा ५५८ रक्तदाताहरूले रक्तदान गरेका छन् । साथै, उक्त कार्यक्रमबाट संकलन भएको रगत गरिब, विपन्न तथा न्यून आयभएका व्यक्तिहरूलाई प्राथमिकतामा राखी वितरण हुनेछ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यसप्रकारका विभिन्न सामाजिक कार्यहरू निरन्तररूपमा गर्दै आएको छ ।

# केराउ, सुपारी र मरिच आयात गर्न अनुमति

■ सौर्य समाचार

काठमाडौँ । सरकारले औद्योगिक कच्चा पदार्थको रूपमा मात्र केराउ, सुपारी तथा सेतो/कालो मरिच आयात गर्न अनुमति दिएको छ । सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि औद्योगिक प्रयोजनमा प्रयोग हुने गरी यी वस्तुहरूको पैठारी खुला गर्ने निर्णय गरेको हो । अन्य कुनै पनि प्रयोजनका लागि भने केराउ, सुपारी तथा सेतो/कालो मरिचको आयात पूर्ण रूपमा बन्द रहनेछ । यो व्यवस्थासम्बन्धी सूचना सरकारले हालै मात्र राजपत्रमा प्रकाशित गरेको छ ।

सूचनाअनुसार औद्योगिक प्रयोजनका लागि आयात अनुमति दिनुअघि उद्योग विभागले सम्बन्धित उद्योगको विस्तृत जाँचबुझ गर्नुपर्नेछ । आयात गर्नुपर्ने कच्चा पदार्थको उपलब्धता, वास्तविक आवश्यकता, औचित्य र आवश्यक परिमाणको मूल्यांकन गर्नुका साथै आयात गरिएको कच्चा पदार्थ औद्योगिक प्रयोजनमै प्रयोग भएको सुनिश्चित गर्नुपर्नेछ ।

उद्योग विभागले सम्बन्धित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको परिमाण यकिन गरी तोकिएका मालवस्तु पैठारीका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा सिफारिस गर्नुपर्ने व्यवस्था गरिएको छ । नयाँ स्थापना भएका उद्योगले उद्योग दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (भ्याट) तथा स्थायी लेखा नम्बर (प्यान) दर्ताको प्रमाणपत्रको प्रतिलिपि, उद्योगको उत्पादन क्षमता, वार्षिक स्वीकृत स्किमको प्रतिलिपि तथा चालु आर्थिक वर्षमा सञ्चालन र उत्पादन गर्ने लक्ष्यसम्बन्धी स्वघोषणा पेस गर्नुपर्नेछ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग

## स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय

इटहरी, सुनसरी, कोशी प्रदेश, नेपाल

## प्राविधिक प्रस्ताव स्विकृती तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति:२०८२/०९/३०**

यस कार्यालयबाट मिति २०८२।०५।२० गते PPMO को E-Procurement Portal मा 1S2E विधिबाट बोलपत्र आहवान सम्बन्धी सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित ठेक्का नं.का बोलपत्रदाताहरु प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल भई सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम तल उल्लेख भएको मिति, समय र स्थानमा सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको आर्थिक प्रस्ताव खोलिने र अन्य ठेक्का नं.का बोलपत्रदाताहरुको बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| LIDPOITH/ NCB/W/2082-083/20 | 1. M/S LO/AANANDA/YAMKHA J/V, Baudha-6, Kathmandu Nepal, 2. M/S Thing-Sherpa Joint Venture, Ilam-7, Ilam, Nepal, 3. M/S H.&C./Siddhidatri/ Sumni ma J.V., Kamal 03, Jhapa |
| LIDPOITH/ NCB/W/2082-083/21 | 1. M/S Chamunda-GBT JV, Bhaktapur-1, Nepal 2. M/S Vintage- Elvis Joint Venture, Ilam-07, Ilam, Nepal 3. M/S MAILA BRO/ADRIN JV,Ilam 4. M/S Shanker Trishakti Nirman sewa, Ilam 5. M/S Bouddha Nirman Sewa, ilam municipality-07, ilam 6. M/S Jateshwor-Kirat-Baju Builders J/V, Ilam-2 |
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gauradaha Municipality, Technical Section, Jhapa, Telephone No: 023-597006/9842147978 within office hours. The bidders may visit the E-Procurement Section of PPMO's Web Site http://www.bolpatra.gov.np/epg.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer.**

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
## पूर्वाधार विकास निर्देशनालय
# पूर्वाधार विकास कार्यालय, धनकुटा
**धनकुटा**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८२/०९/३०)**

यस कार्यालयवाट मिति २०८२/08/12 को सौर्य दैनिक र मिति २०८२/08/15 को हिमालय टाईम्स दैनिकमा प्रकाशित वोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तोकिएको मिति भित्र www.bolpatra.gov.np/egp मार्फत पेश भएका वोलपत्रहरु प्रचलित कानून बमोजिम मुल्याङ्कन हुँदा निम्न आयोजनाको लागि तल उल्लेख भए वमोजिमका वोलपत्र सार्वजनिक खरीद ऐन २०६३ को दफा २५(७) वमोजिम न्यूनतम मुल्याङ्कित सारभूत प्रभावग्राही भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७(३) को प्रयोजनार्थ दफा २७(२) वमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम | सफल बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|
| IDO-DKT/W/ NCB / MW-01/082-83 | Upgrading works of Rajarani -Budhuk -Bodhe -Hansamorang Sadak, Dhankuta | Ujjwal Prajwal Nirman Sewa, Sangurigadhi-1, Dhankuta | 2,981,979.05 |
| IDO-DKT/W/ NCB / MW-02/082-83 | Upgrading of Rajarani -Roshan chowk -Tiligaun, Sahid Narayan Prasad Nogu Limbu Sadak, Rajarani | Mountain Construction, Chaubise 6, Dhankuta | 1,585,676.50 |
| IDO-DKT/W/ NCB / MW-03/082-83 | Upgrading of Chitre -Machepu Khaprang -Jitpur Gramin Sadak, Mahalaxmi Municipality | Pakhero Engineering Constructions and suppliers Company Pvt. Ltd., Ktm | 2,722,564.85 |
| IDO-DKT/W/ NCB / MW-04/082-83 | Jitpur -Arkhaule Sadak, Dhal tatha Ring road Nirman, Mahalaxmi -7, Dhankuta | Pakhero Engineering Constructions and suppliers Company Pvt. Ltd., Ktm | 1,611,065.62 |
| IDO-DKT/W/ NCB / MW-05/082-83 | Upgrading of Panchyakanya -Konglang -Beltar Sadak (Sahidbhumi -3) and Setichowk -Hanguwa -Sambidhan sabha chautara Sadak (Sahidbhumi -1) | Bhimarjun Nirman Sewa, Sagurigadhi 7, Dhankuta | 2,393,540.60 |
| IDO-DKT/W/ NCB / MW-06/082-83 | Upgrading of Basantpur -Ghumaune gramin sadak (Mahalaxmi -3), Deurali -Yanglabung -Machepu -Jitpur sadak (Mahalaxmi -1,7,8) & Bhanjyang -Chitre gramin sadak (Mahalaxmi -3), Dhankuta | R.N. Laxmi Construction, Sangurigadhi 5, Dhankuta | 1,639,012.20 |
| IDO-DKT/W/ NCB / MW-07/082-83 | Upgrading of Tindovane -Deurali -Sahid Yagya Pra. Vi. hudai Gaje-Gauri Sadak, Pakhribas -7, Dhankuta | Shree Kumbhabaraha Construction, Dhankuta | 2,103,227.80 |
| IDO-DKT/W/ NCB / MW-08/082-83 | Care Women Nepal, Prasuti Purwadhar Nirman, Pakhribas Municipality | R.N. Laxmi Construction, Sangurigadhi 5, Dhankuta | 4,726,196.53 |
| IDO-DKT/W/ NCB / MW-09/082-83 | Construction of Leguwa khola motorable bridge (Approach road works), Dhankuta and Upgrading of Kharane danda -Khaling gaun -Milangchung sadak (Mahalaxmi -5), Dhankuta | R.N. Laxmi Construction, Sangurigadhi 5, Dhankuta | 3,172,340.51 |
| IDO-DKT/W/ NCB / MW-10/082-83 | Upgrading works of Satsang mode tulsi kuwa marga gramin sadak (Dhankuta 7), Satpalal Chhasodak karyalaya sadak (Dhankuta 7) and Naya ghar dekhi godhal hudai dhat samma jane bato (Dhankuta 6) | Ujjwal Prajwal Nirman Sewa, Sangurigadhi-1, Dhankuta | 1,979,717.12 |

**कार्यालय प्रमुख**

# गोरखाको गोरखनाथबाट भारतको गोरखपुरसम्म 'खिचडी यात्रा' सुरु

■ सौर्य समाचार

गोरखा । जिल्लाको प्रसिद्ध धार्मिकस्थल गोरखनाथ मन्दिरबाट भारतको उत्तर प्रदेशस्थित गोरखपुरमा रहेको गोरखनाथ मन्दिरसम्म 'खिचडी यात्रा' सुरु भएको छ । गोरखनाथ तथा कालिका मन्दिरको प्रचारप्रसार गर्दै जिल्लामा धार्मिक पर्यटक भित्र्याउने उद्देश्यसहित मंगलबार बिहान बाजागाजासहित गोरखपुरका लागि ' खिचडी यात्रा' निस्किएको गौमाता सेवा महासंघका अध्यक्ष होमसिंह बस्यान्तले जानकारी दिए ।
उनका अनुसार गोरखामा धार्मिक तथा आन्तरिक पर्यटक वृद्धि गर्ने उद्देश्यले गएको ३ वर्षदेखि यहाँबाट गोरखपुरसम्म 'खिचडी यात्रा' गर्रिंदै आएको छ । यहाँबाट निस्किएको खिचडी यात्रा मंगलबार भैरहवा पुग्ने र यही १ माघमा गोरखपुर पुग्ने कार्यक्रम रहेको अध्यक्ष बस्न्यातले बताए ।

'माघी पर्वको अवसरमा प्राचीनकालदेखि नै गोरखनाथ मन्दिरबाट गोरखपुरस्थित गोरखनाथ मन्दिरमा खिचडी पठाउने चलन थियो, तर २० वर्षभन्दा बढी समयदेखि रोकिएको उक्त परम्परालाई पुनः निरन्तरता दिन थालिएको हो,' उनले भने । पुनः सुरु गरिएको खिचडी यात्राले हराउँदै गएको परम्परालाई जगेर्ना गर्न मद्दत पुगेको अध्यक्ष बस्न्यातको भनाइ छ । परम्पराअनुसार गोरखाबाट लगिएको खिचडी गोरखपुरस्थित उत्तर प्रदेशको गोरखनाथ मन्दिरमा लगेर चढाइने गरिन्छ । खिचडी चामल, मासको दाल, घ्यू, नुन, बेसारलगायत खाद्यवस्तु मिसाएर बनाइन्छ ।

गोरखनाथ मन्दिरबाट प्रसादका रूपमा लिएर गएको खिचडी उत्तर प्रदेशको गोरखनाथ मन्दिरमा माघी पर्वका दिन ब्रम्ह्मुहूर्तको समयमा चढाएपछि मात्र त्यहाँ खिचडी भोग गर्ने परम्परा रहेको उनले बताए । 'खिचडी यात्रा'मा करिब ५० जनाको टोली गोरखपुरतर्फ प्रस्थान गरेको हो । यात्राले २ देशबीचको परम्परागत धार्मिक तथा सांस्कृतिक सम्बन्ध जोगाउन थप सहयोग पुग्ने गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले बताए । खिचडी पुऱ्याउने परम्पराको पुनः थालनीसँगै उत्तर प्रदेश र गोरखाबीचको धार्मिक सम्बन्ध थप बलियो हुँदै जाने र यसले गोरखा जिल्लामा लाखौं धार्मिक पर्यटकसमेत भित्र्याउन सकिने उनले विश्वास व्यक्त गरे ।

---

**महालक्ष्मी नगरपालिका**
**४ नं. वडा कार्यालय**
**इमाडोल, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

## नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सुचना

**मिती २०८२/०९/२८**

महालक्ष्मी नगरपालिका वडा नं ४ साविक इमाडोल ८ कित्ता नं ९४४ क्षेत्रफल १२३.१ व.मी जग्गामा विमला पौडेलले भवन निर्माण गर्न नक्सा पासको लागि मिती २०८२ /०८/२९ मा महालक्ष्मी वडा नं ४ को कार्यालयबाट १५ दिने सुचना जारी गरेकोमा घर / जग्गाको म्याद बारम्वार बुझाउन जादा सम्बन्धित तपशिलमा उल्लेखित संधियारहरु संग सम्प्रक हुन नसकेकाले नक्सा पासको लागि १५ दिने सार्वजनिक सुचना जारी गरिएको छ ।

उल्लेखित कित्ता जग्गमा घर निर्माण हुदा तपाई साधँसधियार हरुलाई बाधा तथा मर्का भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिका वडा नं ४ को कार्यालयमा निवेदन दिनुहनु तथा साधँसाधियारको जानकारीको लागि सुचित गरिन्छ । म्याद भित्र कसैको प्रतिक्रिया दावि विराध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भई जाने ब्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

पश्चिम कित्ता नं - ८५

---

"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**Head Office:** Kathmandu-02, Lazimpat, **Call Center:** 01-5970179
**Email:** info@garimabank.com.np, **Website:** www.garimabank.com.np

## INTEREST RATES OF DEPOSIT & LOAN PRODUCTS

**Effective from 2082.10.01 (January 15, 2026)**

**A. Deposit Products**

**1. Call, Current & Saving Products**

| S. No. | Account Name | Minimum Balance (Rs.) | Interest Rate(% p.a) |
|---|---|---|---|
| 1 | Current Account* | 5,000.00 | 0 |
| 2 | Margin Account | N/A | 0 |
| 3 | Call Account (Corporate/Financial Institution) | 5,000.00 | Up to 1.37 |
| 4 | Anibarya Bachat Khata | - | 2.75 |
| 5 | Home Employee Saving Account | - | 2.75 |
| 6 | Janakalyan Bachat Khata | - | 2.75 |
| 7 | Mero Share Bachat Khata | 500.00 | 3.75 |
| 8 | Garima Five in One Bachat Khata | 1,000.00 | 3.00 |
| 9 | Super Saving | 5,000.00 | 2.75 |
| 10 | Staff Saving | - | 2.75 |
| 11 | General Savings Account | 500.00 | 2.75 |
| 12 | Garima Shuva Lava Saving Account | 10,000.00 | 2.95 |
| 13 | Garima Dampati Saving Account | 10,000.00 | 2.95 |
| 14 | Foreign Remittance Saving Account | 1,000.00 | 4.75 |
| 15 | Sworojgar Bachat Khata | 500.00 | 2.75 |
| 16 | Foreign Employment IPO Account | 1,000.00 | 4.75 |
| 17 | Garima PMS Account | - | 3.75 |
| 18 | Garima Green Saver Saving Account | 500.00 | 3.75 |
| 19 | Garima Surakshit Talab Khata | - | 2.75 |
| 20 | All Other Saving Account Products | 100.00 | 2.75 |
| 21 | FCY Saving Deposit | $10 | 2.00 |

**2. Fixed Deposit Products**

| Category | Account Name | Tenure | Interest Payment Frequency | Interest Rate (% p.a) |
|---|---|---|---|---|
| Individuals | Fixed Deposit | 3 Months to Below 6 Months | Quarterly | 2.75 |
| | Fixed Deposit | 6 Months to Below 1 Year | Quarterly | 2.75 |
| | Fixed Deposit | 1 Year to Below 2 Years | Quarterly | 3.00 |
| | Fixed Deposit | 2 Years to Below 5 Years | Quarterly | 4.00 |
| | Fixed Deposit | 5 Years and Above | Quarterly | 5.43 |
| | Sunaulo Bhabisya Baal Nikchhep Yojana | - | Quarterly | 3.00 |
| | Recurring Deposit | - | Quarterly | 3.00 |
| | Garima Swornim Nikchhep Yojana | - | Quarterly | 3.00 |
| | Garima Surakshit Nikchhep Yojana** | - | Quarterly | 2.75 |
| | Garima Surakshit Nikchhep Yojana** | - | Maturity | 3.00 |
| Institutions | Fixed Deposit | 6 Months to Below 1 Year | Quarterly | 2.75 |
| | Fixed Deposit | 1 Year to Below 2 Years | Quarterly | 2.75 |
| | Fixed Deposit | 2 Years to Below 5 Years | Quarterly | 3.00 |
| | Fixed Deposit | 5 Years and Above | Quarterly | 4.45 |

*Minimum balance of Rs. 500 only to customers doing transactions through electronic medium.
**Conditions applied

**3. FCY Deposits**

| Account Name | Tenure | Interest Payment Frequency | Interest Rate (% p.a.) |
|---|---|---|---|
| Fixed Deposit | More than 6 Months | Quarterly | 4.00 |

**B. Interest Rate on Loan & Advances**

| S. No. | Name of the Loan Product | Proposed Premium % over Base Rate (p.a.) |
|---|---|---|
| 1 | Hire Purchase Loan | 2.00% to 4.00% |
| 2 | Auto Loan | 1.00% to 3.00% |
| 3 | Business Term Loan/SME Term Loan / Permanent Working Capital | 0.50% to 2.50% |
| 4 | Business Loan/SME Loan (Cash Credit) | Upto 2.00% |
| 5 | Education Loan | 1.00% to 3.00% |
| 6 | Housing Loan | 1.00% to 3.00% |
| 7 | Personal Loan/Professional Loan | 2.50% to 4.50% |
| 8 | Agriculture Loan | 1.00% to 3.00% |
| 9 | Real Estate Loan | 1.00% to 3.00% |
| 10 | Loan against Share | 1.00% to 3.00% |
| 11 | Bridge Gap Loan | 2.00% to 4.00% |
| 12 | Deprived Sector Lending | 2.00% to 4.00% |
| 13 | Gold Loan | 2.00% to 4.00% |
| 14 | Mortgage Loan | 1.50% to 3.50% |
| 15 | Garima Aawas Karja | Up to 2.00% |
| 16 | Microfinance Wholesale Lending | Up to 2.00% |
| 17 | Force Loan | 5.00% |
| | **Average Base Rate (Mangsir End 2082)** | **6.06%** |
| **S.No.** | **Name of Product** | **Interest Rate (% p.a.)** |
| 1 | Loan Against Fixed Deposit | Coupon Rate + Premium up to 2% |
| 2 | Consortium Loan | As per Consortium Agreement |

**C. Fixed Rate (p.a.)**

| Particulars | Up to 7 years | 7-10 years | 10-15 years | Above 15 Years |
|---|---|---|---|---|
| Home Loan/SME Loan | 11.99% to 13.25% | 11.99% to 13.50% | 11.99% to 13.75% | 11.99% to 13.99% |
| Hire Purchase/ Auto Loan | 15.25% to 16.00% | 15.25% to 16.00% | - | - |
| Personal Term/ Mortgage/ Demand Loan | 14.00% to 15.75% | 14.25% to 16.00% | 14.50% to 16.00% | 14.75% to 16.00% |

**Notes:**
1. For Remittance Fixed Deposit, 1% additional rate shall be provided.
2. Interest Rate on Credit Card shall be as per Standard Tariff Charges.

---

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**हेटौंडा, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः- २०८२/०९/३०**

यस केन्द्रबाट राष्ट्रिय पत्रिकामा आह्वान गरिएको तपशिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

| S.N | Contract Name/ Contract Number | Bidder's Name/ Address | Amount (Without VAT) |
|---|---|---|---|
| 1. | PROCUREMENT OF ELECTRIC VEHICLE, National Competitive Bidding (NCB) IFB No.: HLMC/G/NCB-03/2082-83 | Sipradi Trading Pvt. Ltd. Naya Naikap, Kathmandu, Nepal | NRs1,73,06,194.69 |
| 2. | PROCUREMENT OF ESSENTIAL MEDICINES, National Competitive Bidding (NCB) IFB No.: HLMC/G/NCB-10/2082-83 | Sohan Medi Health, Chyamhasing, Bhaktapur | NRs. 28,477,000.00 |

**नि. निर्देशक**

---

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, झापा**
**भद्रपुर, कोशी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२/०९/३०**

यस कार्यालयबाट मिति २०८२/०७/०२ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (Single Stage Double Envelope) बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निर्धारित समय भित्र विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत दाखिला हुन आएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८२/१०/०७ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम | प्राबिधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| IDO-JHP/W/NCB/MY-17/082-83 | Construction of Dhyangri River bridge (Solmari Sarangpada Khanda) | • Bright Bull Nirman Sewa, Dharan-13, Sunsari<br>• JAY GORAKH/KAL/RP JV, Khadbari, Sankhuwasabha<br>• SAS/ZENITH/TAPASWI J.V., Kaski |

**कार्यालय प्रमुख**

---

**"स्थानिय सरकार**
**पथरी शनिश्चरे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पथरी, मोरङ, कोशी प्रदेश, नेपाल**

## (Invitation for Online Bids) बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।०९।३०**

चालु आ.व. २०८२/०८3 मा यस नगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमका योजना बोलपत्र ठेक्का प्रकृयाबाट संचालन गर्नुपर्ने भएकोले इच्छुक निर्माण ब्यवसायी/कम्पनीहरुबाट https://www.bolpatra.gov.np/egp मा उल्लेखित सर्तहरुको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र फारम अनलाइन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र/ठेक्का नं | कामको विवरण | लागत अनुमान (पि.एस सहित र भ्याट बाहेक) रु. | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| PSMUN/NCB/ WORKS /2082/083-06 | Construction of 2 Storey 4 Classroom Building at Shree Hirak Basic School | ६७,९१,४६४.४१ | ३,०००।- | १,८०,०००।- | २०८२।११।०१ दिनको १२:०० बजे सम्म मात्र |

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलि पल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ । निर्माण सम्बन्धी थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।
२. वोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।
**नोटः** माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० अनुसार https://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी विड गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# इरानमा आंशिक छुट, मृतक ६४६




■ एजेन्सी

तेहरान। इरानले आफ्ना नागरिकमाथि लगाइएका केही प्रतिबन्धहरू मंगलबार आंशिक रूपमा खुकुलो पारेको छ। देशभर फैलिएको रक्तपातपूर्ण विरोध प्रदर्शनपछि पहिलोपटक इरानी नागरिकलाई मोबाइल फोनमार्फत विदेशमा फोन कल गर्न अनुमति दिइएको हो। तर इन्टरनेटमा लगाइएका प्रतिबन्ध भने यथावत् राखिएका छन् र एसएमएस टेक्स्ट सन्देश सेवा अझै पुनः सञ्चालन गरिएको छैन। पछिल्ला दिनहरूमा राज्यविरुद्धको प्रदर्शनका क्रममा कम्तीमा ६४६ जनाको मृत्यु भइसकेको बताइएको छ।

इरानीहरूले विदेशमा फोन गर्न सके पनि विदेशबाट इरानभित्र कल गर्न भने सम्भव नभएको राजधानी तेहरानका धेरै नागरिकले एसोसिएटेड प्रेसलाई जानकारी दिएका छन्। प्रतिशोधको डरले नाम नखुलाउने सर्तमा बोलेका साक्षीहरूका अनुसार एसएमएस सेवा अझै बन्द छ र इरानभित्रका इन्टरनेट प्रयोगकर्ताहरूले बाहिरी संसारका वेबसाइट वा सेवामा पहुँच पाएका छैनन्। यद्यपि सरकारद्वारा अनुमोदित केही स्थानीय वेबसाइटहरूमा सीमित पहुँच उपलब्ध रहेको उनीहरूको भनाइ छ।

बिहीबार राति अधिकारीहरूले देशभित्र र बाहिरी संसारसँगको सबै सञ्चार एकाएक बन्द गरेपछि अब थप छुट दिइने हो वा होइन भन्ने विषयमा अझै स्पष्टता आएको छैन।

यसैबीच, फ्रान्सेली विदेश मन्त्रालयले सुरक्षा अवस्था कमजोर भएकाले तेहरानस्थित आफ्नो दूतावासका अनावश्यक कर्मचारीलाई फिर्ता बोलाई दूतावासलाई सीमित कर्मचारी र सावधानीका साथ सञ्चालन गर्ने गरी पुनः व्यवस्थापन गरिएको जानकारी दिएको छ। यस हप्ताको सुरुमा अनावश्यक कर्मचारीहरूलाई इरानबाट बाहिर पठाइएको थियो। फ्रान्सेली समाचार एजेन्सीका अनुसार दूतावासका गैरआवश्यक कर्मचारीहरू आइतबार र सोमबार देश छोडेर गएका थिए। यद्यपि फ्रान्सका राजदूत भने तेहरानमै रहेको र दूतावासले आफ्नो कामकाज जारी राखेको मन्त्रालयले सोमबार राति जनाएको छ।

जर्मन चान्सलर फ्रेडरिक मेर्जले इरानी सरकार प्रदर्शनकारीहरूमाथि गरिरहेको हिंसा तुरुन्तै अन्त्य गर्न आह्वान गर्दै वर्तमान शासन आफ्नो अन्तिम दिन र हप्तामा रहेको विश्वास व्यक्त गरेका छन्। भारतको बेंगलुरु भ्रमणका क्रममा मंगलबार उनले यदि कुनै शासनले बल प्रयोग गरेर मात्र सत्ता जोगाउन सक्छ भने त्यो प्रभावकारी रूपमा अन्त्यतिर पुगेको बताए। उनले चुनावमार्फत जनताको वैधता नपाएको यो शासनविरुद्ध जनआक्रोश बढ्दै गएको उल्लेख गर्दै द्वन्द्व शान्तिपूर्ण रूपमा अन्त्य हुने आशा व्यक्त गरे। साथै, जर्मनी यस विषयमा अमेरिका र युरोपेली सरकारहरूसँग नजिकको सम्पर्कमा रहेको जानकारी दिए।

उता, इजरायली सेनाले इरानमा जारी विरोध प्रदर्शनका कारण आश्चर्यजनक परिदृश्यहरूका लागि सतर्क रहेको बताएको छ। तर नागरिकहरूका लागि जारी गरिएका सुरक्षा निर्देशनमा कुनै परिवर्तन नगरिएको इजरायली सेनाका प्रवक्ता ब्रिगेडियर जनरल एफी डेफ्रिनले सामाजिक सञ्जाल एक्समार्फत जानकारी दिएका छन्।

गत गर्मीमा इजरायलले इरानको आणविक कार्यक्रममा आक्रमण गरेको थियो, जसपछि १२ दिनसम्म चलेको युद्धमा करिब १ हजार २०० इरानी र झन्डै ३० इजरायलीको ज्यान गएको थियो।

# सन् २०२६ मा खाद्य असुरक्षाको संकट बढ्ने चेतावनी

रोम। संयुक्त राष्ट्र संघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) का कार्यकारी निर्देशक सिन्डी म्याककेनले सन् २०२६ मा विश्वव्यापी भोकमरीको संकट बढ्ने चेतावनी दिँदै ३१ करोड ८० लाखभन्दा बढी मानिस खाद्य असुरक्षाको गम्भीर समस्याको सामना गरिरहेको बताएकी छन्।

युएन न्युज सेन्टरका अनुसार म्याककेनले बढ्दो खाद्य संकटलाई समाधान गर्न द्रुत, रणनीतिक र निर्णायक कार्य आवश्यक रहेको उल्लेख गर्दै डब्लुएफपीले मात्र भोकमरी अन्त्य गर्न नसक्ने बताएकी छन्। संयुक्त राष्ट्रसंघका अधिकारीले मानव निर्मित अनिकाल अन्त्य गर्न, मानवीय कोष बढाउन र विश्वभर बढ्दो भोकमरीको केन्द्रमा रहेको द्वन्द्वलाई सम्बोधन गर्न तत्काल कदम चाल्न विश्वका नेताहरूलाई आह्वान गरेका छन्। नयाँ वर्षको सुरुआती २ हप्तामै विश्वले खतरनाक र विश्वव्यापी भोक संकटको जोखिमको सामना गरिरहेको उनीहरूले बताएका छन्।

डब्लुएफपीको संकल्प अडिग रहेको उल्लेख गर्दै म्याककेनले आफ्नो अस्तित्वका लागि डब्लुएफपी माथि निर्भर रहनेहरूसम्म पुग्न आवश्यक समर्थन र स्रोत जुटाउन हर सम्भव प्रयास गर्ने बताएकी छन्। (एजेन्सी)

# किमद्वारा निजी सुरक्षा टोली फेरबदल

■ एजेन्सी



सियोल। उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो व्यक्तिगत सुरक्षाको जिम्मेवारी सम्हाल्ने ३ जना शीर्ष अधिकारीलाई प्रतिस्थापन गरेका छन्। दक्षिण कोरियाली अधिकारीहरूले मंगलबार दिएको जानकारीअनुसार यो कदम किममाथि सम्भावित हत्या प्रयासको डर बढेकै कारण चालिएको हुनसक्ने अनुमान गरिएको छ। प्योङ्याङसँगको सम्बन्ध व्यवस्थापनको जिम्मेवारीमा रहेको सियोलस्थित एकीकरण मन्त्रालयले किमको सुरक्षा सम्हाल्ने ३ वटा राज्य एजेन्सीमा नयाँ प्रमुखहरू नियुक्त गरिएको जनाएको छ। मन्त्रालयका अनुसार यो फेरबदल अक्टोबरमा आयोजित एक सैन्य परेडका क्रममा देखिएको थियो।

विशेष गरी किमको बडीगार्ड कमान्डमा गरिएको परिवर्तनलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ। यो कमान्ड ड्रोन आक्रमण वा इलेक्ट्रोनिक हमलाजस्ता आधुनिक खतराविरुद्धको सुरक्षाका उपायहरू सम्हाल्ने जिम्मेवारीमा रहेको छ। एक विज्ञका अनुसार यो परिवर्तन किमले युक्रेनमा रुसको युद्धलाई सहयोग गर्न उत्तर कोरियाली सेना पठाउने निर्णयसँग सम्बन्धित हुन सक्छ।

कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनले भने, 'किमको सुरक्षा संरचनामा परिवर्तन अक्टोबर २०२४ देखि देखिन थालेको हो, जब उहाँले उत्तर कोरियाली सेना रुसमा तैनाथ गर्नुभयो।' उनका अनुसार सो तैनाथीपछि किम अन्तर्राष्ट्रिय स्तरमा झनै चर्चामा आएको छ र त्यसकै बीचमा युक्रेनसँग सम्बन्धित पक्षबाट हत्या प्रयास हुनसक्ने चिन्ता किमले गरेको हुन सक्छ। दक्षिण कोरियाको जासुसी एजेन्सीले पनि किमले आफ्नो ज्यानमाथि जोखिम बढेको ठानेर सुरक्षा व्यवस्था कडा बनाएको जानकारी दिएको छ। एजेन्सीका अनुसार किमको कार्यालयले सञ्चार अवरोध गर्न सक्ने र ड्रोन पहिचान तथा नियन्त्रण गर्न सक्ने उपकरणहरू प्राप्त गर्ने प्रयास गरिरहेको छ। गत वर्ष किम प्रायः आफ्नी छोरी जु एईसँगै सार्वजनिक रूपमा देखिएका थिए। उनले आणविक शक्तिबाट चल्ने पनडुब्बीको निरीक्षणलगायत विभिन्न आधिकारिक गतिविधिहरूमा छोरीलाई सँगै लिएर गएका थिए। विश्लेषकहरूका अनुसार जु एईलाई सम्भावित उत्तराधिकारीका रूपमा अघि सार्ने संकेत पनि यसबाट देखिन्छ।

विश्लेषकहरूले यसै महिनाको अर्को घटनाले पनि प्योङ्याङमा सुरक्षा चिन्ता बढाएको बताएका छन्। अमेरिकाले भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरेको घटनाले उत्तर कोरियाली नेतृत्वलाई झस्काएको उनीहरूको भनाइ छ। उक्त अपरेसनलाई उत्तर कोरियाली नेतृत्वका लागि एक प्रकारको दुःस्वप्न परिदृश्यका रूपमा हेरिएको छ। उत्तर कोरियाली नेतृत्वले लामो समयदेखि आफूमाथि अचानक आक्रमण गरिने डर मान्दै आएको छ र त्यसैगरी प्योङ्याङले अमेरिकाले आफ्नो शासन हटाउने योजना बनाइरहेको आरोप पनि लगाउँदै आएको छ।

# युक्रेनको खार्किवमा रूसी आक्रमण हुँदा ४ जनाको मृत्यु

■ एजेन्सी

किभ। युक्रेनको उत्तरपूर्वी सहर खार्किवमा भएको रूसी आक्रमणमा ४ जनाको मृत्यु ६ जना घाइते भएको क्षेत्रीय गभर्नर ओलेग सिनेगुबोभले मंगलबार बताएका छन्। युक्रेनको दोस्रो सहर खार्किवका मेयर इगोर टेरेखोभले लामो दुरीको रूसी ड्रोनले बालबालिकाको मेडिकल सुविधामा प्रहार गर्दा आगलागी भएको तर कुनै हताहत नभएको बताएका छन्। रातभरको आक्रमणले दक्षिणी सहर ओडेसासहित अन्य क्षेत्रहरूमा पनि असर पारेको जनाइएको छ। आक्रमणमा आवासीय भवन, अस्पताल र १ किन्डरगार्टेन क्षतिग्रस्त हुनुका साथै कम्तिमा ५ जना घाइते भएको क्षेत्रीय गभर्नर सेर्गी लिसाकले बताएका छन्।

मस्कोले पछिल्लो समयमा युक्रेनका ऊर्जा पूर्वाधारलाई लक्षित गर्दै दैनिक ड्रोन र मिसाइल ब्यारेजहरूद्वारा प्रहार गरेको जनाइएको छ। रूसले गत हप्ता युक्रेनमा ओरेसनिक ब्यालेस्टिक मिसाइल प्रहार गरेसँगै वासिंगटनलगायत किभका सहयोगीहरूबाट निन्दा खेपेको थियो। मस्कोले मिसाइलले लिभिभ क्षेत्रको उड्डयन मर्मत कारखानामा प्रहार गरेको जनाउदै युक्रेनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको निवासमा आक्रमण गर्न गरेको प्रयासको प्रतिक्रियामा फायर गरिएको उल्लेख गरिएको थियो। यद्यपि किभले आरोपको अस्वीकार गरेको छ।

---

Government of Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Butwal, Rupandehi

## Invitation for Bids

**IFB No: -4/RIDORUP/082-83**
**Date of Publication: Janaury 14, 2026 (2082-09-30)**

1. Road Infrastructure Development Office, Rupandehi invites **electronic bids only** from eligible bidders for following works under NCB/SQ bidding procedure.

| S.N. | Name of Project | Contract ID | Bid Fee | Estimated Amount (NRs) (excluding VAT) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Tarkullah Baghella Pul Dekhi Talwapur Jaane Sadak Samm Rohani, Rupandehi | RIDO/RUP/134/ SQ/082-83/97 Re | 1,000.00 | 13,79,364.16 | 39,000.00 |
| 2 | Upgrading of Ramwapur Dekhi Semrahawa Jane Sadak Mayadevi, Rupandehi | RIDO/RUP/134/ SQ/082-83/104 | 1,000.00 | 13,79,490.11 | 39,000.00 |
| 3 | Upgrading of Pragyan Tole Jane Batoma Parne Kullo Dekhi Sunil Pandey ko Ghar Dekhi Gyan Prasad Poudel ko Ghar Samm Sadak, Rupandehi | RIDO/RUP/134/ SQ/082-83/105 | 1,000.00 | 6,89,932.47 | 19,000.00 |
| 4 | Upgrading of (i) Tali Dekhi Barauli Jodne Sadak Kalo Patre, Sainamaina-11, Rupandehi & (ii) Jhimjhime Bata Purba Saljhandi Ma. Bi. Jane Bato Kalo Patre, Sainamaina-10, Rupandehi | RIDO/RUP/134/ NCB/082-83/80 Re | 3,000.00 | 48,31,214.53 | 1,35,000.00 |
| 5 | Upgrading of (i) Aadarsnagar path Bato Starunnati Si.Na.Pa.-06, Rupandehi. (ii) Gallamandi samayamai path Jodane Bato Starunnati Si.Na.Pa.-06, Rupandehi (iii) Amarnath Path Dekhi Uttar Sahu Teli Kalyan Sewa Samiti Bato Tatha Nalla Nirman Si.Na.Pa.-06, Rupandehi (iv) Kandu path Gallamandi Bato Starunnati Si.Na.Pa.-6, Rupandehi | RIDO/RUP/134/ NCB/082-83/106 | 3,000.00 | 27,59,027.03 | 77,000.00 |
| 6 | Upgrading of (i) Buspark Pacchadi Anpurna path Dekhi Buddha path Jodne Sadak Si.Na. Pa.-01, Rupandehi. (ii) Krishana path Sadak Starunnati Si.Na.Pa.-08, Rupandehi. (iii) Gajendranath path Sadak Starunnati Si.Na.Pa.-3, Rupandehi | RIDO/RUP/134/ NCB/082-83/107 | 3,000.00 | 17,23,931.15 | 48,000.00 |
| 7 | (i) Periodic Maintenance of Kalika Path (Tinkune to Horizonchowk) & (ii) Sadak Surakshya Karyakram, Rupandehi | RIDO/RUP/134/ NCB/082-83/108 | 3,000.00 | 1,18,97,912.78 | 3,33,000.00 |
| 8 | (i) Bharat ko Boader Jodne Benipur Dekhi Taluli Jarksuwa Madhuri Badariya Kancchi Bazar Hudai Bharuhi Charenge Janne Batto Starunnati,Rupandehi & (ii)Pahilo Khand Bharat ko Boader Benipur Duboliya Darkhasawa Madhuri Matariya Kerwani Thadarihawa Hudai Kanchhibazar Bhaluhi Palpali Tole Muddabass Hudai jhumsa Sadak Kalopatre, Rupandehi | RIDO/RUP/134/ NCB/082-83/109 | 3,000.00 | 96,81,393.19 | 2,71,000.00 |
| 9 | (i) Kotihawa Gaaun Dekhi Uchmmi Khola Samma Kalopatere Ti.Na.Pa 15(ii)Bhalbari Danda Dekhi Jhuma Danda Jane Sadak Ti.Na.Pa 07, Rupandehi | RIDO/RUP/134/ NCB/082-83/110 | 3,000.00 | 24,14,155.44 | 68,000.00 |
| 10 | Upgrading Of (i) Ekata Path Kalopatre Tatha Nabadurga Path Nali Marmat Ti.Na.Pa 03 Rupandehi (ii)Tilottama Ward no 03 Pragati Path Subha Bihani Tol Sadak Staronnati (iii) Shuva Bihani Tolma Nala Sahit Bato Marmat,Tilottama Ward no 03 | RIDO/RUP/134/ NCB/082-83/111 | 3,000.00 | 51,68,922.32 | 1,45,000.00 |
| 11 | Upgrading of Dudhrakshya chowk Dakshin Sundarnagar jani sadak, Sainamaina 5,6, Rupandehi | RIDO/RUP/134/ NCB/082-83/112 | 3,000.00 | 34,49,761.81 | 97,000.00 |

2. Bid Validity Period and Bid Security Validity Period.

| Bid No. | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|
| SQ (For S.N. 1 to 3) | March 16, 2026 | April 15, 2026 |
| NCB (For S.N. 4 to 11) | May 17, 2026 | June 16, 2026 |

3. Submission and Opening:

| | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| SQ (For S.N. 1 to 3) | January 30, 2026 | 12:00 hrs | January 30, 2026 | 13:00 hrs | |
| NCB (For S.N. 4 to 11) | February 16, 2026 | 12:00 hrs | February 16,2026 | 13:00 hrs | |

4. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000100200010000 (Rajaswa) | Office code: 3370148025, Road Infrastructure Development Office, Rupandehi Revenue Heading no: 14229 |

5. Pre-bid meeting shall be held at the office on February 06, 2026, at 11:00 AM at the office premise.
6. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
7. Bidders are requested to read the bid document carefully and submit the required documents in a clear and understandable form and as per the instructions given in the bid document. Failure in the submission of the required document demanded in the bid document may lead to disqualification.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

---

**Buddhashanti Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Budhabare, Jhapa**
**Koshi Province, Nepal**

## Invitation For Electronic Bid

**Date of First Publication: 2082-09-30**

Buddhashanti Rural Municipality office invites electronic bid from Nepalese eligible bidders under National Competitive Bidding procedures as mentioned below.

**Details of the Bid :**

| SN. | Contract Id No. | Description of Project | Bidding Procedures | Cost of Bid Document | Pre Bid Meeting Date & Time | Bid Security Amount | Bid Security Validity Period up to | Estimated Cost (Inclusive of VAT & PS) |
|---|---|---|---|---|---|---|---|---|
| 2 | BRM/NCB/ WORKS/ 082/083-11 | Upgrading Work of Different Roads, Tourism, Religious and Public Areas of Buddhashanti Rural Municipality | NCB (1S2E) | 5,000.00 | 1st February 2026 at 14:00PM | 650,000.00 | 120 days | Single stage Two Envelope |

**Bid Schedule & Bank Account Details:**

| Last Date, Time of Bid Submission | Date & Time of Bid Openi ng | Bank Account Details | |
|---|---|---|---|
| | | For Purchase of Bid Document | For Bid Security |
| 12:00 pm of 13th February 2026 | 1:00 pm of 13th February 2026 | Name of the Bank: NIC Asia Bank Ltd. Account Name: GA1.1-ANTARIK RAJASWA KHATA-BUDDHASHANTI GAUPALIKA Office Account no.: 0852055499513007 Office Code no. : 80101327 Rajaswa (revenue) Shirshak no. : 14229 | Name of the Bank: NIC Asia Bank Ltd. Account Name: GA 3 - DHARAUTI KHATA-BUDDHASHANTI GAUPALIKA Office Account no.: 85CA499513524003 |

For detail notice bidder can access from *www.bolpatra.gov.np/egp*. Bidder is open to all eligible bidders. The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट मिति २०८२/०८/२४ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरि खरिद कार्यको लागि बोलपत्र आव्हान गरिएकोमा प्राप्त बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ।

| सि. न | खरीद कार्य नं. | खरीद योजनाको नाम | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु. अ. क. र PS सहित) |
|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS/082/083-05 | Construction works of Blacktopped of Buddhashanti RM-2 Company Marga JBS boarding Road | Satakshi Nirman Sewa, Shivasatakshi-11, Jhapa | NRs. 23,88,999.75 |
| 2 | BRM/NCB/WORKS/082/083-06 | Construction work of Laxmi Narayan community building in Buddhashanti RM ward no 1 | Mata Pathivara Nirman Tatha Bikash Pvt. Ltd, Kathmandu | NRs. 25,21,518.83 |

मनोज कुमार साह
प्रमुख प्रशासकिय अधिकृत

## विश्वकपको तयारी

# नेपालले श्रीलंका र भारतमा ५ वटा अभ्यास खेल खेल्ने

■ सौर्य समाचार

काठमाडौँ । टी-२० विश्वकपको तयारीलाई तीव्रता दिन नेपाली राष्ट्रिय क्रिकेट टोलीले विदेशमा अभ्यास गर्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)का अनुसार नेपाली टोलीले जनवरी १९ देखि २४ तारिखसम्म श्रीलंकामा अभ्यास तथा मैत्रीपूर्ण खेल खेल्ने कार्यक्रम तय भएको छ । श्रीलंकामा रहने अवधिमा नेपाली टोलीले श्रीलंका 'ए' टोलीसँग ३ वटा अभ्यास खेल खेल्नेछ । ती खेलहरू विश्वकपअघि टोलीको तयारी, खेल संयोजन र खेलाडीको व्यक्तिगत प्रदर्शन मूल्यांकनका लागि महत्वपूर्ण हुने क्यानले जनाएको छ । श्रीलंका 'ए' जस्तो प्रतिस्पर्धी टोलीसँग खेल्दा नेपाली खेलाडीले अन्तर्राष्ट्रिय स्तरको अनुभव बटुल्ने विश्वास गरिएको छ ।

श्रीलंकाको अभ्यासपछि नेपाली टोली भारत प्रस्थान गर्नेछ । भारतमा टोलीले मुम्बई क्रिकेट एसोसिएसन (एमसिए) सँग २ वटा अभ्यास खेल खेल्ने तालिका रहेको छ । ती खेलले उच्चस्तरीय क्रिकेट वातावरणमा नेपाली टोलीका खेलाडीलाई आफूलाई निखार्ने अवसर प्रदान गर्नेछ । क्यानका अनुसार विदेशी अभ्यास भ्रमणले टोलीको रणनीति, संयोजन र खेलाडीबीचको समन्वय मजबुत बनाउने अपेक्षा गरिएको छ । टी-२० विश्वकपमा प्रतिस्पर्धात्मक प्रदर्शन गर्ने लक्ष्यसहित नेपाली टोलीले तयारीलाई गम्भीर रूपमा अघि बढाएको क्यानले जनाएको छ । नेपाली टोलीमा कप्तान रोहित पौडेलसहित उपकप्तान दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा, आरिफ शेख, बसिर अहमद, गुल्सन झा, ललित राजवंशी, शेर मल्ल र लोकेश बम रहेका छन् ।

नेपाल रहेको समूह 'सी'मा इंग्ल्यान्ड, वेस्ट इन्डिज, इटाली र बंगलादेश समावेश छन् । नेपालले भारतको मुम्बईमा आफ्ना समूह चरणका सबै खेल खेल्ने तय थियो । तर, बंगलादेशले विवादका कारण भारत भ्रमण नगर्ने बताइरहँदा नेपालको एउटा खेल भने अन्योलमा परेको हो । यद्यपि, नेपालले २५ माघमा इंग्ल्यान्डसँग खेल्दै विश्वकपको सुरुआत गर्नेछ । प्रतियोगिता आगामी २५ माघदेखि २४ फागुन (७ फेब्रुअरीदेखि ८ मार्च,२०२६ ) सम्म आयोजना हुनेछ ।







# आजदेखि राष्ट्रिय लिग, १७ टोलीबीच प्रतिस्पर्धा




■ सौर्य समाचार

काठमाडौँ । १७ वटा टोलीको सहभागितामा आजदेखि राष्ट्रिय लिग फुटबल सुरु हुने भएको छ । काठमाडौँ र ललितपुरका ३ वटा मैदान (दशरथ रंगशाला, एन्फा कम्प्लेक्स र च्यासल) मा कुल १३६ खेल सञ्चालन हुनेछन् । यस पटक लिगको विजेताले नगद ५० लाख, उपविजेताले २५ लाख र तेस्रो हुने टोलीले १५ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । अनुशासित (फेयर प्ले) टिमलाई १ लाख रुपैयाँ प्रदान गरिनेछ ।

लिगमा चर्च ब्वाइज युनाइटेड, मछिन्द्र क्लब, नेपाल पुलिस क्लब, जावलाखेल युथ क्लब, सातदोबाटो युथ क्लब, न्युरोड टिम (एनआरटी), लालिगुराँस युवा क्लब, चित्लाङ एफसी, नव जनजागृति क्लब, काक्रेविहार स्पोर्टस क्लब, त्रिभुवन आर्मी क्लब, मनाङ मर्स्याङ्दी क्लब, संकटा क्लब, फ्रेन्ड्स क्लब, एपिएफ क्लब, प्लानिङ ब्वाइज क्लब र श्री भगवती क्लब गरी १७ क्लबले प्रतिस्पर्धा गर्नेछन् । उद्घाटन खेलमा आज काँक्रेविहार र फ्रेन्ड्स क्लब भिड्दैछन् ।

# भुवाने देउरालीमा पाखो सम्याएर खेलमैदान निर्माण

■ सौर्य समाचार

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घारको भुवाने देउरालीमा पाखो सम्याएर खेलमैदान निर्माण भएको छ । गण्डकी प्रदेश सरकार र जर्मनको 'हिमालय फ्रेन्ड्स इभी' संस्थाको सहयोगमा भुवानी युवा परिवारले खेलमैदान निर्माण गरेका हुन् । हिमालय संस्थाले यस वर्ष १० लाख ५२ हजार २५० रुपैयाँ आर्थिक सहयोग गरेको खेलमैदान निर्माणका लागि गण्डकी प्रदेश सरकारले गत वर्ष ५ लाख र क्लबले १ लाख रुपैयाँ खर्च गरेका थिए । उपभोगविहीन बाँझो सार्वजनिक भिरालो पाखामा डोजर परिचालन गरेर सम्याएर ११० मिटर लम्बाइ र ५० मिटर चौडाइ भएको खेलमैदान तयार भएको निर्माण समितिका अध्यक्ष श्याम खड्काले बताए ।

फुटबल, बास्केटबल, क्रिकेट, एथलेटिक्स खेल सञ्चालन गर्न सकिने खेलमैदानमा पर्खाल, प्यारापिट र घेराबारका लागि वडा, गाउँपालिका, प्रदेश र संघीय सरकारसँग पहल गरिएको निर्माण समितिले जनाएको छ । यसअघि खेलमैदान अभावमा विद्यालय परिसरमा खेलअभ्यास र प्रतियोगिता सञ्चालन हुने गरेको थियो । विद्यालयमा हुने खेलकुद गतिविधिका कारण बालबालिकाको पठनपाठन प्रभावित भएपछि छुट्टै ठाउँमा खेलमैदान निर्माण गरिएको निर्माण समितिका सचिव जितबहादुर बरुवालले बताए ।

# राष्ट्रिय खेलकुदको पूर्वतयारी छिटो गर्न मुख्यमन्त्री कँडेलको आग्रह



■ सौर्य समाचार

सुर्खेत । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आफ्नो पूर्वतयारी छिटो गर्न संघीय सरकारलाई आग्रह गरेका छन् । युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, वन तथा वातावरण, भौतिक पूर्वाधारमन्त्री माधवप्रसाद चौलागाईंसहितको प्रतिनिधिमण्डलसँग मंगलबार सुर्खेतमा भएको छलफलमा मुख्यमन्त्री कँडेलले प्रतियोगिताको मिति मात्र तोकेर नहुने, आफ्नोतर्फबाट छिटो तयारी गर्न आग्रह गरेका हुन् ।

मुख्यमन्त्री कँडेलले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णालीमै गर्न प्रदेश सरकार तयार रहेको र प्रतियोगितालाई सफल बनाउन प्रदेश सरकारले पूर्ण सहयोग गर्ने बताए । उनले भने, 'तपाईंहरू खेलकुद खेलाउनेगरी आउनुस्, हाम्रो तर्फबाट पूर्ण सहयोग रहन्छ, तर पटकपटक मिति तोकेर भुक्याउने काम नगर्नुस् ।' मुख्यमन्त्री कँडेलले खेलकुदका लागि चाहिने सामग्रीसमेत खरिद नगरेकाले 'फागुनमा कसरी खेल खेलाउनुहुन्छ ?' भन्ने प्रश्नसमेत गरे ।

# जनसहयोगमा क्रिकेट पूर्वाधार निर्माण हुँदै

कञ्चनपुर । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-४ स्थित कालिका माध्यमिक विद्यालयको खेलमैदानमा जनसहयोग संकलन गरी क्रिकेट पूर्वाधार निर्माण सुरु गरिएको छ । कृष्णसार फाउन्डेसनको नेतृत्वमा आर्थिक सहयोग संकलन गरी क्रिकेट मैदान तथा पिच निर्माण कार्य अगाडि बढाइएको हो । राज्यका तर्फबाट खेलकुद पूर्वाधारमा पर्याप्त लगानी नभएपछि स्थानीयस्तरमा सहयोग जुटाएर र नगरपालिकाको स्रोतसाधन प्रयोग गरी मैदान सम्याउने तथा पिच निर्माण भइरहेको फाउन्डेसनका अध्यक्ष विवेक रावलले जानकारी दिए ।

'खेलाडीहरू फुटेको पिच र च्यातिएको जालीमा प्रशिक्षण गर्न बाध्य थिए,' अध्यक्ष रावलले भने, ' उहाँहरूको समस्यालाई मूल्यांकन गर्दै हामीले टर्फ र सिमेन्ट गरी दुवै प्रकारका पिच निर्माण गरिरहेका छौँ ।' हाल मैदान सम्याउने र पिच निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । उक्त मैदानमा हाल महिला र पुरुष गरी क्रिकेटका ४० जना खेलाडी नियमित प्रशिक्षणमा छन् ।

प्रशिक्षणमा रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका आशिष लुहार, सुशील रावल, कैलाश ऐर, सुरज तिरुवा, सुवेश रावल, आशिका महरा, रविना धामी र मनिषा खत्रीलगायतका खेलाडीहरू आफैँ श्रमदानमा खटिएको प्रशिक्षक साजन गौतमले बताए । 'खेलाडीहरूले पिचमा ढुंगा मिलाउने, बोक्ने, माटो बोक्ने सम्याउने लगायतको कार्यमा सहयोग गरिरहेका छन,' उनले भने, 'क्रिकेट पूर्वाधार निर्माणका लागि अझै आर्थिक अभाव भएकाले सहयोगी हातहरूको खाँचो रहेको छ ।' यसैबीच, निर्माणाधीन क्रिकेट मैदान र पिचको सुदूरपश्चिम क्रिकेट संघका अध्यक्ष वासुदेव जोशी र नेपाल क्रिकेट टोलीका छनोटकर्ता (सेलेक्टर) युनिल श्रेष्ठलगायतका टोलीले अनुगमन गरे । अनुगमनका क्रममा सेलेक्टर श्रेष्ठले खेलाडीहरू आफैँ खटिएर 'टर्फ पिच' निर्माणमा लाग्नु उदाहरणीय कार्य रहेको बताए । सुदूरपश्चिम क्रिकेट संघका अध्यक्ष जोशीले यहाँका खेलाडीहरूले राष्ट्रिय टोलीमा पुगेर राम्रो प्रदर्शन गरिरहेको उल्लेख गर्दै पूर्वाधार निर्माण भएपछि थप प्रतिभाशाली खेलाडी उत्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कोशी अस्पताल**
बिराटनगर, मोरङ
**बोलपत्रको कागजात संसोधन गरिएको सूचना**
मिति-: २०८२/०९/३०
कोशी अस्पतालको बोलपत्र सूचना नं-KH/NCB/M-08/2082-083 मा संसोधन गरिएको सम्बन्धित सबैमा जानकारी गराइन्छ।
प्रमुख मेडिकल सुपरिटेण्डेण्ट

## कला

# हिमाल हेर्न नेपालमा मिस ग्लोब सरादत्त

■ सौर्य समाचार

काठमाडौँ । सन् २०२५ मा अल्बायिनामा भएको सौन्दर्य प्रतियोगिता 'मिस ग्लोब २०२५' की विजेता छायाथानुस सरादत्त मंगलबार नेपाल आएकी छन् । 'मिस ग्लोब २०२५' उपाधि विजेता थाइल्यान्डकी सरादत्तको यो पहिलो अन्तर्राष्ट्रिय भ्रमण हो । उनलाई त्रिभूवन विमानस्थलमा 'मिस्टर एन्ड मिस नेसनल'का राष्ट्रिय आयोजक डा.सन्तोष उपाध्यायसहित 'मिस ग्लोब नेपाल'का विजेताहरूले स्वागत गरेका थिए । सरादत्तसँगै 'मिस ग्लोब'का अन्तर्राष्ट्रिय आयोजक फ्याकी बोजो पनि नेपाल आएका छन् ।

सरादत्तले नेपालको हिमालबाट आफू आकर्षित भएको बताइन् । 'मैले यहाँका हिमालबारे धेरै सुनेकी छु, म पहाड र हिमालतिर घुम्न चाहन्छु,' उनले भनिन् । ८० भन्दा बढी देशको सहभागिता रहेको उक्त प्रतियोगितामा नेपालबाट रिजु भट्टराईले सहभागिता जनाएकी थिइन् ।

डा. उपाध्यायका अनुसार सरादत्त र उनको टोली नेपालमा ५ दिनसम्म बस्नेछन् । उनले उनीहरूले काठमाडौँसहित आसपासका पर्यटकीय गन्तव्यहरूको भ्रमण गर्ने बताए । 'औपचारिक भेटघाटअन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड तथा समय मिलेमा प्रधानमन्त्रीसँग पनि भेट गर्ने कार्यक्रम रहेको आयोजकले जनाएका छन् । सरादत इस्ट एसियन मेडिकल स्टुडेन्ट्स कन्फ्रेन्समा विशेष अतिथिका रूपमा सहभागी हुनेछिन् ।

गत वर्ष 'मिस ग्लोब'की विजेता डायना मोरेनो नेपाल आएकी थिइन् । उनले 'मिस नेसनल नेपाल'को अडिसनमा निर्णायकको भूमिका निर्वाह गरेकी थिइन् ।




# रोल नं. १ को छायांकन पूरा



■ सौर्य समाचार

काठमाडौँ । सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण भइरहेको फिल्म 'रोल नं. १' को पहिलो चरणको छायांकन पूरा भएको छ । म्याग्दीका विभिन्न रमणीय तथा ग्रामीण भेगमा गत १५ मंसिरदेखि ४२ दिन लगाएर फिल्मको मुख्य हिस्सा छायांकन गरिएको थियो । फिल्मका निर्माता विनोद पौडेलले प्रतिकूल मौसम र प्राविधिक चुनौतीका बाबजुद निर्धारित समयकै आसपासमा पहिलो चरणको काम सकिएको बताए ।

'हामी ४५ दिनको तालिका लिएर निस्केका थियौँ, ४२ दिनमा म्याग्दीको सेड्युल सक्यौँ । प्राविधिक टोलीलाई चिसोले बढी गाह्रो बनायो । रात्रिकालीन दृश्यहरू खिच्दा १० बजेपछि तापक्रम निकै घट्ने भएकाले काम गर्न कठिनाइ भयो', उनले भने ।

जोन योञ्जनको निर्देशन तथा कथामा निर्माण भएको फिल्म बाल मनोविज्ञानमा आधारित छ । फिल्मको कथा विद्यार्थीहरूमा देखिने सामाजिक दबाब, झूटो प्रतिष्ठा र जित्नैपर्ने मानसिकताको प्रभाव वरिपरि केन्द्रित रहेको निर्माण पक्षले जनाएको छ ।

फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी र निर्भिक रेग्मीको अभिनय छ । फिल्मको रिलिज मिति चाँडै सार्वजनिक गरिने निर्माण पक्षले जनाएको छ ।

**Koshi Province Government**
**Ministry of Health**
**Health Directorate**
**Health Office, Udayapur**

**Tender Notice**

**Contract Identification :- HOU /G/NCB-2-2082/2083**

**1st Date Of Publication :- 2026-01-14**

1. The **Health Office** invites **NCB Electronic** bids from eligible bidders for the procurement of **Procurement of Medicine Purchase** under National competitive bidding – Single-Stage: Single Envelope Bidding Procedure.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the **Health Office** Tel: 9852835345, Email: dhoudayapur@gmail.com , Website:www.houdayapur.koshi.gov.np. or You can also visit **www.bolpatra.gov.np/egp.**
3. Interested bidders shall register in the **e-GP system** and deposit the cost of bidding document in the following bank.
   **Name of Bank :-** Rastriya Banijya Bank,Udayapur
   **Name of the Office :-** Province Comptroller of Accounts Office
   **Office Code No :-** 3700111011
   **Office Account No :-** 1000100200010000
   **Revenue Head No :-** 14229
4. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of **Health Office ,Koshi Province, Udayapur,Gaighat,** on or before **12:00 (Noon)** on **2026-02-13** Bids shall be opened in the presence of Bidders representatives who choose to attend on **2.00 PM** on **2026-02-13** at office of **Health Office ,Koshi Province, Udayapur,Gaighat.**
5. Matters not covered by this notice shall be in accordance with **Public Procurement Act-2063. Public Procurement Regulations-2064** and their amendments.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

**Details**

| S.N. | Contract Identification No | Description of Items | Estimate Amount (NRs) | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Minimum Bid Security Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | HOU /G/NCB-2-2082/2083 | Procurement of Medicine Purchase | 25,98,754.00 | 3,000.00 | 2090100202030000 | 65,000.00 | 90 Days | 2026-06-13 |

**Office Chief**
**Health Office, Udayapur**

**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१२५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी